# प्रभाव दैनिक
National Daily

इ-पपरका लागि

वर्ष १० | अंक १९० | काठमाडौं | आइतबार, १९ कात्तिक २०८० | Prabhab National Daily | Sunday, November 5, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


# जाजरकोट भूकम्पको बितण्डा

◆ १५७ जनाको मृत्यु, १७० जना घाइते ◆ मृतकमध्ये १०५ जना जाजरकोट र ५२ जना रुकुम पश्चिमका




*इन्फोग्राफिक्स: नेपाल प्रहरी*

**भूकम्पले क्षति पुर्‍याएको जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारको आवास एवं कार्यकक्ष ।** *तस्बिर: रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** सुरक्षाका लागि बनाइएको घर पश्चिम नेपालको जाजरकोट र रुकुम पश्चिममा 'काल' बनेको छ । शनिबार राति गएको ६.४ म्याग्निच्युटको भूकम्पले घर भत्काउँदा १५७ जनाको ज्यान गयो । भूकम्पका कारण १७० जना घाइते भएका छन् ।

गृह मन्त्रालयका अनुसार मृतकमध्ये १०५ जना जाजरकोट र ५२ जना रुकुम पश्चिमका हुन् । ढुंगा, माटो र काठले बनेका घर, गोठलगायतका संरचना भत्किएकाले अझै केही मानिस पुरिएको अवस्थामा हुनसक्ने उद्धारकर्ताहरूलाई उद्धत गर्दै कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले जानकारी दिए ।

'अहिलेसम्म बेपत्ता कति भए भन्ने विवरण त आएको छैन तर भग्नावशेषमा मानिसहरू पुरिएको हुन सक्छ भनेर सुरक्षाकर्मीहरू खोजिरहेका छन्,' मन्त्री (बाँकी पष्ठ २ मा)

> पुराना शैलीका ढुंगा र माटाले बनेका घरहरु थिए । ती घरहरु भूकम्प थेग्नै नसक्ने खालका थिए । जसले गर्दा घर नै काल बन्यो । जुन दु:खद् छ ।
>
> ■ **डा. रञ्जन दाहाल**
> भूगर्भविद्

## राहत र पुन:स्थापना आजदेखि : प्रधानमन्त्री



**काठमाडौं (प्रस)–** भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिममा उद्धार कार्यको नेतृत्व गरेका प्रधानमन्त्री पुष्पकमल दाहालले आज (आइतबार)देखि राहत र पुन:स्थापनाको काम गरिने बताएका छन् । त्यसका लागि आज बिहान ८ बजे मन्त्रिपरिषद् र विपद् व्यस्थापन समितिको बैठक बोलाइएको बताए ।

'मन्त्रिपरिषद् बैठक बोलाइसकेको छु । त्यसपछि विपद् व्यवस्थापनको बैठक बसेर राहत र पुन:स्थानाको काममा लाग्छौं,' शनिबार भूकम्पप्रभावित क्षेत्रबाट फर्केपछि प्रधानमन्त्री दाहालले भने ।

शनिबार बिहानै उनी नेपाली सेनाका चिकित्सकहरू लिएर जाजरकोट र रुकुम पश्चिम गएका थिए । घण्टौंसम्म त्यहीँ बसेर उद्धारको कामलाई प्रभावकारी बनाउन संयोजनसमेत गरे । उनले भूकम्पीय घटनामा परी ज्यान गुमाएकाहरूप्रति दु:ख व्यक्त गरेका छन् । भूकम्पपीडितलाई राहत, पुन:स्थापना र घाइतेको उपचारमा सरकार गम्भीर रहेको उनले बताए । भूकम्पपीडितसमक्ष उनले राज्य साथमा रहेको भन्दै नआत्तिन आग्रह गरेका थिए ।

## जुट्दै सहयोगी हात

**काठमाडौं (प्रस)–** विनासकारी भूकम्पले कर्णाली प्रदेशको दुई जिल्ला जाजरकोट र रुकुम पश्चिममा जनधनको ठूलो क्षति पुर्‍याउँदा सरकारी तथा निजी संस्थाहरूले हातेमालो गरेका छन् । संघीय सरकारले दुवै जिल्लामा तत्कालका लागि उद्धार र राहतका लागि पाँच/पाँच करोड रूपैयाँ सहायता पठाउने भएको छ । बागमती प्रदेश सरकारले एक करोड ५० लाख र सुदूरपश्चिम प्रदेश सरकारले एक करोड रूपैयाँ सहायता प्रदान गर्ने घोषणा गरेको छ ।

लुम्बिनी प्रदेश सरकारले पनि डेढ करोड रूपैयाँ सहयोग गर्ने प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री धनबहादुर मास्कीले जानकारी दिए । कोशी प्रदेश सरकारले तत्कालका लागि भूकम्पपीडितलाई एक करोड रूपैयाँसहित राहत सामग्री पठाउने भएको छ । प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा हुनेगरी उक्त सहायता रकम पठाइने बताए ।

गण्डकी प्रदेश सरकारले भूकम्पबाट प्रभावित क्षेत्रमा स्वास्थ्य सामग्रीसहितको चिकित्सक र स्वास्थ्यकर्मीको टोली पठाएको छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शनिबार एक अपिल जारी गरी प्रभावित क्षेत्रमा मानवीय सहायता पुर्‍याउने उद्देश्यले चिकित्सकसहितको टोली त्यसतर्फ पठाइएको जानकारी दिए । (बाँकी पष्ठ २ मा)

## 'घाइतेको उपचारमा समस्या छैन'

भूकम्पलगत्तै नजिकका सुरक्षा निकाय र स्थानीय सरकारहरूलाई परिचालन गर्‍यौं । प्रदेश राजधानीबाट पनि उद्धार कार्यका लागि चिकित्सकसहितको थप जनशक्ति परिचालित छ । शनिबार बिहान उज्यालो भएदेखि नै हवाई माध्यमबाट समेत उद्धार टोली परिचालित छ । पहिलो उडानबाट तीन जना घाइतेको उद्धार भयो । अन्य घाइतेहरूको पनि उद्धार गरेर अस्पताल पुर्‍याइसकेका छौं । काठमाडौंमा सात जना गम्भीर घाइतेहरूलाई थप उपचारका लागि पठायौं ।

शनिबार बिहानै प्रदेश विपद् व्यवस्थापन समितिको बैठक बसेर उद्धारका लागि सबै संयन्त्र परिचालन गर्ने र आवश्यक साधन (बाँकी पष्ठ २ मा)



**कृष्णबहादुर जिसी**
**मन्त्री, आन्तरिक मामिला तथा कानुन, कर्णाली प्रदेश**

**सन्दर्भ : वैदेशिक रोजगार**

## तीन महिनामा विदेसिएएक लाख १३ हजार दक्ष श्रमिक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको तीन महिनामा एक लाख १३ हजारभन्दा बढी सीपयुक्त दक्ष श्रमिकहरू रोजगारीका लागि विदेसिएको पाइएको छ । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आवको साउन, भदौ र असोज महिनामा सीप सिकेर विदेश जाने श्रमिकको संख्या एक लाख १३ हजार २ ९३ जना रहेको छ ।

यस्तै तीन महिनाको अवधिमा सीप सिकेर विदेश जानेमध्ये १२ हजार ३०६ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ । यसरी साउन महिनामा ३८ हजार ७४५, भदौमा ३५ हजार ८१० र असोजमा ३८ हजार ७३८ जना सीपयुक्त श्रमिक विदेसिएको विभागको तथ्यांकमा उल्लेख छ ।

उक्त अवधिमा १३ हजार ३७१ जना अर्धदक्ष श्रमिक रोजगारीका लागि विभिन्न मुलुकमा पुगेका छन् । पेसागत दक्षता हासिल गरेका २६६ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । त्यस्तै तीन महिनाको अवधिमा विशिष्ट दक्षता हासिल गरेका १३५ जना विदेसिएका छन् ।

यस अवधिमा ठूलो संख्यामा अदक्ष श्रमिक पनि रोजगारीका लागि विदेसिएको विभागको तथ्यांकमा उल्लेख गरिएको छ । चालु अवको तीन महिनामा ३५ हजार ६५९ जना अदक्ष (कोरा) श्रमिक विदेसिएका छन् । यस्तै तीन महिनामा जम्मा एक लाख ६२ हजार ६९४ जना श्रमिक रोजगारीका लागि विदेश गएका छन् । जसमध्ये २१ हजार २४९ जना महिला श्रमिक रहेका छन् ।




विभागले सार्वजनिक गरेको गत आव २०७९/८० को तथ्यांकअनुसार विशिष्ठ दक्षता हासिल गरेका श्रमिकका रूपमा २५७ जना, पेसागत दक्षता भएका श्रमिक एक हजार १५३ र सीपयुक्त दक्ष श्रमिक पाँच लाख छ हजार ५४६ जना रोजगारीका लागि विदेसिएका थिए । यस्तै गत वर्ष ६० हजार ५५५ जना अर्धदक्ष र दुई लाख दुई हजार २१६ जना अदक्षका श्रमिकका रूपमा विदेश गएका थिए ।

सरकारले रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ लागू गरेयता सीप सिकेर विदेश जाने श्रमिकको संख्या बढ्दो क्रममा रहेको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । उनका अनुसार पछिल्ला आर्थिक वर्षहरूमा वैदेशिक रोजगारीमा जाने अदक्ष श्रमिकको संख्या क्रमश: घट्दै गइरहेको छ । 'यद्यपि, सीप विकास तालिम अनिवार्य भए पनि कार्यान्वयनमा कठिनाइ भएका कारण ठूलै संख्यामा अदक्ष श्रमिक पनि रोजगारीका लागि विदेश जाने क्रम जारी नै छ,' उनले भने, 'कतिपय अवस्थामा पहिले नै विदेश गएर सीप सिकेर फर्किएका श्रमिकहरू पनि पुन: अदक्ष श्रमिककै रूपमा श्रम स्वीकृति लिएर विदेसिने गरेका कारण पनि अदक्ष श्रमिकको संख्या बढी देखिएको छ ।'

यस्तै वैदेशिक रोजगारीको सम्बन्धमा नेपाली श्रमिकहरूको दक्षता अभिवृद्धि गर्ने र सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरी गन्तव्य मुलुकमा ब्राण्डिङ गर्नुपर्नेमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलेसमेत जोड दिँदै आएका छन् । उनले विभिन्न फोरमहरूमा अन्तर्राष्ट्रिय श्रमबजारमा प्रतिपस्पर्धा गर्न सक्ने सीपयुक्त जनशक्ति विकास गर्न आवश्यक तयारी गरिरहेको बताउँदै आएका छन् ।

## नेपाली श्रमिकका सममस्याबारे छलफल

**काठमाडौं (प्रस)–** रोजगारीका लागि साउदी अरेबिया जाने नेपाली कामदारको हकमा देखिएको समस्या समाधानका लागि नेपाल र साउदी अधिकारीहरूबीच छलफल भएको छ । विशेषगरी दुई मुलुकबीच हुने भनिएको श्रम सम्झौता, त्यहाँ रहेका कामदारले भोग्नुपरेको समस्या र जेलमा रहेका नेपालीहरूको रिहाइका सम्बन्धमा छलफल भएको बताइएको छ ।

छलफलका क्रममा कतिपय रोजगारदाताले करारअनुसारको काम र तलब नदिने समस्या, सप्लाइ कम्पनीमार्फत काम गरिरहेका कामदारले भोग्नुपरेको समस्या र म्यानपावर कम्पनीले श्रमिक पठाउँदा हुने समस्या निराकरणका लागि जोड दिइएको भ्रमण टोलीमा रहेका वैदेशिक रोजगार संघका महासचिव मेघनाथ भुर्तेलले बताए ।

द्विपक्षीय छलफलले श्रम सम्झौतालगायत कामदारका समस्या समाधानका लागि सकारात्मक सन्देश दिएको बताइएको छ । हाल श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको संयुक्त प्रतिनिधिमण्डल साउदी भ्रमणमा रहेको छ । यस भ्रमणको संयोजन साउदीस्थित नेपाली राजदूत नवराज सुवेदीले गरेका हुन् । यसअघि उक्त टोलीले वैदेशिक रोजगारीका लागि युएईमा रहेका श्रमिक र रोजगारीका विविध विषयमा त्यहाँस्थित नेपाली दूतावास छलफल गरेको थियो ।




# तस्बिरमा भूकम्पपछिको उद्धार कार्य



















१) प्रधानमन्त्री पुष्पकमल दाहाल जाजरकोटमा शुक्रबार राति गएको भूकम्पमा परी घाइतेको अवस्थाका बारेमा जानकारी लिँदै ।
२) जाजरकोटमा गएको भूकम्पमा परी घाइतेको प्रदेश अस्पताल सुर्खेतमा उपचार हुँदै ।
३) भूकम्पमा परी घाइते भएकालाई उपचारका लागि सेनाको हेलिकप्टरबाट सुर्खेत ल्याइएका घाइतेलाई सूर्खेतस्थित प्रदेश अस्पताल लग्दै नेपाली सेनाको टोली ।
४) भूकम्पले रूकुम पश्चिमको आठबिसकोट नगरपालिका-१२ मा भत्किएको घर ।
५) भेरी नगरपालिका-३ थाप्लेका सर्वसाधारणहरु भूकम्पको त्रासले सडकमा सुत्दै ।
६) भूकम्पमा घाइते भएका भेरी नगरपालिका-४ का स्थानीयलाई सशस्त्र प्रहरीले उद्धार गरी अस्पताल ल्याइँदै ।

*तस्बिरहरू: रासस*

## जाजरकोट...
पष्ठ १ बाट जारी

जिसीले प्रभावसँग भने ।

भूकम्पपीडितको उद्धार कार्यमा भने प्रधानमन्त्री पुष्पकमल दाहाल नै भूकम्पप्रभावित जिल्लाहरूमा खटिएका थिए । त्यसक्रममा उनले राज्यका सबै संयन्त्रलाई उद्धार कार्यमा प्रयोग गरे । प्रदेश र स्थानीय सरकारहरूलाई पनि भूकम्पपीडितको उद्धार कार्यमा खटाएका छन् ।

भूकम्पले घरलगायतका संरचनाहरू भत्किँदा सामान्य घाइते भएकाहरूको स्थानीय तथा जिल्ला अस्पतालमा उपचार भइरहेको छ। गम्भीर घाइतेहरूलाई हवाईजहाज र हेलिकप्टरमार्फत उद्धार गरी काठमाडौं, सुर्खेत र नेपालगञ्जमा उपचारका लागि पठाइएको छ । काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा सात जनाको उपचार भइरहेको छ। दुई जनाको अवस्था गम्भीर रहेको अस्पतालले जनाएको छ ।

तिहार आउनै लाग्दा एक्कासि भूकम्पीय क्षति बेहोर्नुपरेपछि यतिबेला जाजरकोट र रुकुमपश्चिमवासी शोकमा छन् । भूकम्पका कारण १४ वर्षीया छोरी गुमाएकी जाजरकोटको नलगाड नगरपालिका-१२ की गीता विष्ट भन्छिन्, 'एक्कासि भुइँचालो आयो। मैले सोच्नै सकिनँ। वरपर मान्छे कराए। ठूली छोरीलाई बचाउन सकेँ, सानी छोरीलाई सकिनँ। हामी तीन जना आमाछोरी माथिल्लो तलामा एउटै कोठामा सुतेका थियौं ।'

राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार भूकम्प शुक्रबार राति ११:४७ मा गएको हो । भूकम्पको केन्द्रबिन्दु जाजरकोटको बारेकोट गाउँपालिका-१ को रामीडाँडा हो । सोही भूकम्पले गीताको जस्तै थुप्रै परिवारलाई शोकमा डुबाएको छ। प्रधानमन्त्री दाहाल स्वयं प्रभावित क्षेत्र पुगेर पीडित परिवारलाई सान्त्वना दिने र सरकार साथमा रहेको सन्देश दिने प्रयास गरेका छन् ।

उक्त भूकम्पले कति घरमा क्षति पुग्यो भन्ने यकीन विवरण सरकारका निकायहरूले सार्वजनिक गरेका छैनन् । तर, भूकम्पले धेरै घरमा क्षति पुऱ्याएको हुन सक्ने ठानिएको छ र उद्धार कार्यमा नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीका अधिकारीहरू हेलिकप्टरसहित परिचालित छन् । सयौंको संख्यामा स्वास्थ्यकर्मीहरूसमेत परिचालित छन् ।

जजरकोट भूकम्पले १२ वैशाख २०७२ पछि सबैभन्दा धेरै मानवीय क्षति पुऱ्याएको छ । भूगर्भविद् तथा त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा. रञ्जन दाहालले बढी जनधनको क्षति हुनुको दुई कारण औंल्याएका छन्। पहिलो- माटा र ढुंगाले बनाइएका पुराना शैलीका घर हुनु र दोस्रो, राति भूकम्प जानु ।

तीन महिनाअघि मात्रै रुकुम पश्चिमको आठबिसकोट नगरपालिकालगायत क्षेत्रका घरहरूको अवस्थितिबारे अध्ययन गरेर आएका सहप्राध्यापक डा. दाहालका अनुसार त्यस क्षेत्रका घरहरू छ रेक्टर स्केलका भूकम्पको धक्का थेग्नसक्ने खालका थिएनन्। त्यही भएर घरहरू भत्किँदा धेरै मानिसको मृत्यु भएको उनलाई लाग्छ ।

'पुराना शैलीका ढुंगा र माटाले बनेका घरहरू थिए । ती घरहरू भूकम्प थेग्नै नसक्ने खालका थिए,' उनले प्रभावसँग भने, 'जसले गर्दा घर नै काल बन्यो। जुन दुःखद् छ।'

उनका अनुसार ठूलो भूकम्पपछि पराकम्पहरू गइरहने हुनाले चर्केका घरहरू पनि निकै जोखिमपूर्ण हुन्छन् । घर माथिका पहाड चिरा परेको वा धाँजा फाटेको भए पनि जोखिम निकै हुने उनको भनाइ छ ।

जाजरकोट भूकम्पले छिमेकी जिल्ला जुम्लामा पनि क्षति पुऱ्याएको छ । जुम्लाका प्रहरी नायव उपरीक्षक (डिएसपी) प्रह्लाद कार्कीले तातोपानी गाउँपालिकामा धेरै घर चर्किएको बताए। यो गाउँपालिकाको सीमा जाजरकोटसँग जोडिन्छ । अर्को, जिल्ला रोल्पामा पनि केही संरचनामा भूकम्पले क्षति पुऱ्याएका छ ।

## 'घाइतेको...
पष्ठ १ बाट जारी

स्रोतदेखि जनशक्तिहरू घटनास्थलमा परिचालित गर्ने निर्णय गरेर सोहीअनुसार भइरहेको छ। हामीले उद्धार र उपचारमा कुनै कमी नगर्ने प्रयास गरिरहेका छौं । एउटाचाहिँ दुर्गम क्षेत्रमा जान समस्या भएको छ। त्यसका लागि हवाई माध्यमबाट जानुपर्ने भएको छ।

घाइतेहरू अस्पतालमा खचाखच रहेको र उपचार गर्न समस्या भएको विवरणहरू पनि आए । त्यस्तो त होइन । शनिबार बिहानैदेखि नेपाली सेनाको एउटा टोली रुकुम पश्चिमको आठबिसकोठ नगरपालिकामा घाइतेहरूको उपचार गरिरहेको छ। जाजरकोटमा पनि नेपाली सेनाको चार जनाको टोली सक्रिय छ। स्काई ट्रकमार्फत् काठमाडौंदेखि आएको नेपाली सेनाको अर्को चिकित्सकको टोलीले उपचार गरिरहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पठाएको अर्को चिकित्सकहरूको टोली पनि उपचारमै छ । सुदूरपश्चिम सरकार र लुम्बिनी सरकारले पनि चिकित्सकहरू पठाएका छन् । सशस्त्र प्रहरीका चिकित्सकहरू पनि आइपुगेका छन् । स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरू सबै जुटेका छन्। त्यसले गर्दा उपचारमा समस्या छैन।

***(मन्त्री जिसीसँग प्रभावले गरेको टेलिफोन कुराकानीमा आधारित)***

## जुट्दै...
पष्ठ १ बाट जारी

सरकारले प्रदेश सरकार मातहतको संक्रामक तथा सरुवा रोग अस्पतालका प्रमुख डा. विकास गौचनको नेतृत्वमा मेडिकल, हाडजोर्नी र एनेस्थिसियाको विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्कीका साथै उपचार सामग्री भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिममा पठाएको हो ।

सत्तारूढ दल नेपाली कांग्रेसले भूकम्पपीडितका लागि ५० लाख रूपैयाँ आर्थिक सहायता दिने भएको छ । स्वदेश तथा विदेशमा रहेका नेपालीहरूलाई पनि सहायताका लागि कांग्रेसले अपिल गरेको छ । नेत्रविक्रम चन्द नेतृत्वको दलले पनि भूकम्पपीडितहरूलाई एक लाख रूपैयाँ दिने भएको छ ।

यता नेपाल आयल निगमले उद्धारमा खटिने नेपाल एयरलाइन्सको विमान तथा सेनाको हेलिकप्टरका लागि निःशुल्क इन्धनको व्यवस्था गरेको छ । निगमले सामाजिक उत्तरदायित्व कोषबाट हवाई इन्धन सहयोग गर्ने जनाएको छ। 'रुकुम पश्चिम र जाजरकोटमा उडान भर्नका लागि चौरजहारीमा एयरपोर्ट छ। त्यहाँ ट्विनअटर मात्रै जान सक्ने हुँदा नेपाल एयरलायन्सको ट्विनअटरका लागि निःशुल्क इन्धन उपलब्ध गराउने भएका हौं,' निगम प्रवक्ता मनोज ठाकुरले भने, 'उद्धारका लागि होलिकप्टर जहाँ पनि जानसक्छ, त्यसको इन्धन खर्च निगमले व्यहोर्छ।'

भूकम्पप्रभावित जाजरकोट, रुकुम पश्चिम र पूर्वमा नेपाल टेलिकमले पाँच दिनसम्म निःशुल्क फोन र मेसेज सेवाको व्यवस्था गरेको छ। सूचना आदानप्रदानलाई निरन्तरता दिन यस्तो सेवा घोषणा गरेको टेलिकमले जनाएको छ। काठमाडौं मेडिकल कलेजले भूकम्पका कारण घाइते भएकाहरूको उपचार निःशुल्क गर्ने भएको छ। कलेजले शनिबार यस्तो घोषणा गरेको हो ।

राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले एक महिना बराबरको तलब भूकम्पपीडितलाई दिने भएका छन् । लुम्बिनी प्रदेश सरकारले भूकम्पप्रभावित जिल्लाहरूमा घाइतेहरूको उपचारका लागि राप्ती प्रादेशिक अस्पताल तुलसीपुरका मेडिकल सुपरिटेन्डेन्ट डा. पदमराज अधिकारीको नेतृत्वमा स्वास्थ्यकर्मी र स्वास्थ्यकर्मी पनि पठाएको छ।

कांग्रेसको विद्यार्थी संगठन नेपाल विद्यार्थी संघले पनि भूकम्पपीडितका लागि प्रत्येक केन्द्रीय सदस्यबाट एक हजार रूपैयाँ रकम उठाउने भएको छ । घाइतेहरूको उपचारमा रगत अभाव हुने भएपछि नेपालगञ्जका युवाहरूले स्वतःस्फूर्त रक्तदान गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले पार्टीमा आबद्ध भएका डाक्टरहरूको दुईवटा टोली जाजरकोट र रुकुम पश्चिम पठाएको जानकारी दिएको छ ।

सरकारले काठमाडौंदेखि जाजरकोट र रुकुम पश्चिम निःशुल्क जान चारवटा बसको व्यवस्था गरेको छ। स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतका अनुसार काठमाडौं उपत्यकामा रहेका भूकम्पप्रभावित क्षेत्रका जनतालाई घर जान सहायता होस् भनेर निःशुल्क बसको व्यवस्था गरिएको हो ।

### मित्रराष्ट्रको साथ

कर्णाली प्रदेशको जाजरकोट र रुकुम पश्चिम भूकम्पीय घटनाले शोकाकुल छँदा मित्रराष्ट्रहरूले सहयोग गर्ने जनाएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुःखको यस घडीमा आफ्नो देश नेपालको साथमा रहेको र आवश्यक सबै सहायता उपलब्ध गराउने बताए ।

सामाजिक सञ्जाल 'एक्स'मार्फत उनले घटनाप्रति दुःख व्यक्त गर्दै घाइतेहरूको स्वास्थ्य लाभको कामना पनि गरेका छन्। २०७२ सालको विनासकारी भूकम्पका बेला पनि भारतले नेपाललाई सहायता उपलब्ध गराएको थियो ।

अर्को उत्तरी मित्रराष्ट्र चीनका राजदूत छन् सङले पनि भूकम्पपीडित नेपालीको साथमा रहेको बताएका छन् । काठमाडौंस्थित अमेरिकी राजदूतावासले भूकम्पमा परी ज्यान गुमाएकाहरूप्रति दुःख व्यक्त गर्दै क्षतिपछिको पुनर्लाभ हासिल गर्न नेपाललाई आवश्यक सहयोग गर्न तयार रहेको जनाएको छ ।

### चीनले १० करोडको सहायता सामग्री उपलब्ध गराउने

चीनले जाजरकोट भूकम्पपीडितका लागि १० करोड रूपैयाँ बराबरको सहायता सामग्री उपलब्ध गराउने घोषणा गरेको छ । नेपालका लागि चीनका राजदूत छन सङले सामाजिक सञ्जाल एक्समा उक्त रकम बराबरका आपत्कालीन सहायता सामग्री प्रदान गर्ने घोषणा गरेका हुन् ।

त्रिपाल, कम्बललगायत राहत सामग्री चीनबाट नेपालतर्फ पठाइएको र केही दिनभित्रै ती सामग्री नेपाल सरकारमार्फत पीडितलाई प्रदान गरिने जनाइएको छ ।

### रूसी राष्ट्रपतिद्वारा दुःख व्यक्त

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले नेपालको जाजरकोट भूकम्पबाट भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गरेका छन् । आफ्ना नेपाली समकक्षी राष्ट्रपति रामचन्द्र पौडेललाई शनिबार शोक सन्देश पठाउँदै प्राकृतिक विपत्तिको यस दुखद् घटनाबाट पीडित नेपालीप्रति गहिरो समवेदना प्रकट गरेका राष्ट्रपतिको कार्यालयले जनाएको छ। सन्देशमा राष्ट्रपति पुटिनले नेपाली जनताप्रति ऐक्यबद्धता प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

# भूकम्पपीडितको खोजी, उद्धार र उपचारमा सम्पूर्ण संयन्त्र परिचालित

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले भूकम्पबाट प्रभावितको खोजी, उद्धार र उपचारमा स्थानीय प्रशासनको नेतृत्वमा सम्पूर्ण संयन्त्रलाई प्रभावकारीरूपमा परिचालन गरिएको जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले शनिबार विज्ञप्ति जारी गर्दै सबै सुरक्षा निकाय, सरकारी संयन्त्र र गैरसरकारी क्षेत्रलाई प्रभावितको उद्धार तथा राहतमा केन्द्रित गरिएको जानकारी दिए ।

जाजरकोटको बारेकोट गाउँपालिका केन्द्रबिन्दु रहेको सो भूकम्पमा परी हालसम्म जाजरकोटमा १०५ र रुकुम पश्चिममा ५२ गरी कूल १५७ जनाको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ । भूकम्पमा परी ३७५ जना घाइते भएका छन् ।

घटनाबाट निजी आवासका साथै सरकारी संरचनामासमेत क्षति पुगेको प्रवक्ता भट्टराईले जानकारी दिए । सामान्य घाइतेको स्थानीय तथा जिल्ला अस्पताल र गम्भीर घाइतेको काठमाडौं, सुर्खेत तथा नेपालगञ्जमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।

शनिबार बिहानै प्रधानमन्त्री पुष्पकमल दाहाल चिकित्सक, स्वास्थ्यकर्मी र अत्यावश्यक औषधि एवं राहत सामग्रीसहित प्रभावित जिल्लाको स्थलगत अध्ययन अवलोकनका लागि पुगेका थिए । सो क्रममा उनले पीडित परिवारसँग भेटघाट गरेका थिए । प्रधानमन्त्री दाहालले सरोकारवाला निकायलाई तत्काल खोज, उद्धार र राहत व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन निर्देशन दिएको प्रवक्ता भट्टराईले जानकारी दिए ।

शनिबार नै उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा मुख्यसचिव, विभिन्न मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुख एवं सरोकारवाला निकायका प्रतिनिधिको बैठकले भूकम्पपीडितको उद्धार र राहतमा प्रभावकारी ढंगले खटिइने निर्णय गरेको थियो ।

बैठकले भूकम्प प्रभावितमा खोज, उद्धार तथा घाइतेको उपचार कार्यलाई पहिलो प्राथमिकता दिई सम्पन्न गर्ने, स्थानीय अस्पतालहरूमा उपचार भइरहेका घाइतेको उपचारलाई प्रभावकारी बनाउन आवश्यक विशेषज्ञ चिकित्सकसहितका जनशक्ति, अत्यावश्यक औषधि उपकरण छिटो साधनद्वारा प्रभावित क्षेत्रमा पुऱ्याउने, थप उपचारका लागि स्वास्थ्य जनशक्ति सुर्खेत, नेपालगञ्ज र काठमाडौंमा तयारी अवस्थामा राख्ने निर्णय गरेको थियो ।

बैठकले तत्काल राहत व्यस्थापनका लागि खाद्यान्न र अस्थायी आवास (टेण्ट, त्रिपाल, कम्बल, म्याट्रेस, स्लिपिङ ब्याग आदि सामग्री प्रभावित जिल्लामा पठाउने एवं खोज, उद्धार, उपचार र समन्वयका लागि सुर्खेतलाई मुख्य र नेपालगञ्जलाई सहायक केन्द्र तोकी आवश्यकतानुसार साधन स्रोत परिचालन गर्ने निर्णय गरेको प्रवक्ता भट्टराईले जानकारी दिए ।

खोज तथा उद्धार कार्य र राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिमार्फत एकद्वार प्रणालीबाट परिचालन गर्ने, जाजरकोट र रुकुम पश्चिमका जिल्ला विपद् व्यवस्थापन कोषमा पाँच-पाँच करोड तत्काल पठाउने, खोज उद्धार तथा शव व्यवस्थानको विशेष तालिमप्राप्त टोली प्रभावितस्थलमा पठाउने भूकम्पका कारण अवरुद्ध भएका सडक तत्काल खुलाउन आवश्यक व्यवस्था मिलाउने निर्णय भएको विज्ञप्तिमा उल्लेख छ ।

उक्त बैठकले विपद् व्यवस्थापन कार्यमा सहयोगका लागि मित्रराष्ट्र तथा विदेशी नियोगबाट प्राप्त भएका सद्भावयुक्त प्रस्तावका लागि कृतज्ञता व्यक्त गर्दै थप विवरण र क्षतिका आधारमा आवश्यक परेमा पछि अनुरोध गरिने निर्णय गरेको प्रवक्ता भट्टराईले जानकारी दिए ।

मन्त्रालयले विपद्को अवस्थामा खोज, उद्धार र राहतका लागि क्रियाशील जनप्रतिनिधि, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, गैरसरकारी तथा निजी क्षेत्र, संघसंस्था तथा व्यक्ति र यस कार्यमा सूचना सम्प्रेषण गरी सहयोग गर्ने सञ्चारकर्मीलाई धन्यवाद व्यक्त गरेको छ । मन्त्रालयले मानवीय संवेदनालाई ख्याल गरी सत्य, तथ्य र आधिकारिक सूचना सम्प्रेषण गर्न र प्रदान गरिने सहयोगलाई सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत एकद्वार प्रणालीबाट परिचालन गर्नसमेत सबैमा अनुरोध गरेको छ ।

# भूकम्पप्रभावित क्षेत्रमा चिकित्सक टोली परिचालन

**सुदूरपश्चिम–** जाजरकोट भूकम्पबाट प्रभावित जिल्लामा सुदूरपश्चिम प्रदेश सरकारले शनिबार औषधिसहितको चिकित्सकको टोली खटाएको छ ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीका प्रमुख डा. नीरज अर्यालको नेतृत्वमा दुई चिकित्सक र दुई स्वास्थ्यकर्मीको टोली एक गाडी औषधि र आवश्यक उपकणसहित भूकम्प प्रभावित क्षेत्रमा खटिएको सामाजिक विकास मन्त्रालयका डा. चेतराज जोशीले जानकारी दिए ।

आपत्कालीन सेवामा खटिने चिकित्सकमा हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा. शिवराज पनेरु र आकस्मिक मेडिसियन विशेषज्ञ डा. गणेश फुलारा छन् । टोलीमा अन्य दुई जना फार्मेसी स्वास्थ्यकर्मी पनि सहभागी छन् ।

'कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयसँग गरिएको समन्वय बमोजिम आज दुई विशेषज्ञ चिकित्सकको टोली खटाइएको छ,' डा. जोशीले शनिबार भने, 'भूकम्प प्रभावित क्षेत्रबाट माग हुनासाथ थप १६ चिकित्सकको अर्को टोलीलाई तयारी अवस्थामा राखेका छौं ।'

सुदूरपश्चिम प्रदेश सरकारले भूकम्प प्रभावित जाजरकोट जिल्लामा आवश्यक औषधिसहित २० चिकित्सकको टोली तत्कालै पठाउने निर्णय शनिबार बिहान गरेको थियो । प्रदेश सरकारले कर्णाली प्रदेश सरकारको कोषमा तत्काल एक करोड रूपैयाँ उपलब्ध गराउने निर्णय पनि गरेको थियो । *रासस*


## सच्याइएको

प्रभाव दैनिकको वर्ष १० अंक १८६ को मिति २०८०/०७/१५ गते प्रकाशित **जलन्धारा सामुदायिक वन उपभोक्ता समिति राप्तीसोनारी गा.पा.८ र ९ बाँके** को विज्ञापनमा प्रथम पटक प्रकाशित सूचनाको १५ दिन र १६ औं दिन हुनुपर्नेमा अन्यथा हुन पुगेकाले सच्याइएको छ ।

जलन्धारा सामुदायिक वन उपभोक्ता समिति
राप्तीसोनारी गा.पा.८ र ९ बाँके

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०७/२६ गते कीर्तिपुर न.पाङ-१० नेपाल बैंक अगाडीबाट दिनको १३:०० बजे १५० पल्सर कालो, रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**कम्पनीको नाम** : Hulas Fin Serve
**धनीको नाम : राजेन्द्र बहादुर मगर**
**बाइक नं.: बा. प्र.-०२-०४४ प ५५९४**
**च्यासिस नं.: MD2A11CX5PPB26918**
**इन्जिन नं.** : DHXPPB68956
**सम्पर्क: ९८६०३२६०५९**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७५/०४/१० मा दर्ता भएको **बिराटनगर ट्रक व्यवसायी संघ प्रा.लि.** (प्रा.लि. नं. १९४१४३) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको लागि यो सूचना सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिर्वतन र उद्धेश्य थप/संशोधन सहितको प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०७/१९**

यस कम्पनीको मिति २०८०/०३/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस्पायर एच.आर.एण्ड एजुकेशन कन्सल्ट प्रा.ली.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **एस्पायर एच.आर.कन्सल्ट प्रा.ली.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०३/२७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एस्पायर एच.आर.कन्सल्ट प्रा.ली.** (प्रा.लि.नं.६०६५५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०७/१९**

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थासंग कर्जा लिदा कर्जा तमसुक लगायतका लिखतहरुमा उल्लेखित शर्त वन्देजहरु वमोजिम साँवा/व्याज रकम समय समयमा भुक्तानी गर्नुपर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधि भित्रको शर्त तथा कबुलियतनामामा उल्लेखित नियमहरु उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा/व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक पटक मौखिक, लिखित तर/ताकेता गरि सम्बन्धित ऋणी, साक्षी र जमानीकर्तालाई जानकारी गराउँदा समेत वेवास्ता गरी कर्जा चुक्ता गर्ने तर्फ कुनै पहल नगर्नु भएकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त समय भित्र आफ्नो सम्पूर्ण साँवा/व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नु हुन यसै सूचनाद्वारा जानकारी गरिन्छ । माथि उल्लेखित समयावधि भित्र ऋणीले कर्जा नतिरेमा ऋणी तथा जमानीकर्ता आफैले उक्त कर्जा लिदाँ गरेको व्यक्तिगत धनजमानी, लिखतका शर्त कबुल अनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुदाँ कर्जासँग सम्बद्ध सबै पक्षहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ । तोकिएको अवधि भित्र पनि साँवा/व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य विध्यमान कानूनमा व्यवस्था भए अनुसार ऋणीले कर्जा लिदाँ कर्जा सुरक्षण बापत लेखि दिएको धितो लिलाम बिक्री गरि कर्जा असुल उपर गरिनुका साथै कालो सूचीमा समावेश गर्नको लागी आवश्यक प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| क्र सं | ऋणीको विवरण | साक्षी/जमानीको विवरण |
|---|---|---|
| १ | ऋणीको नाम थर: मंगल सि तामाङ<br>बाबुको नाम: सर्के तामाङ<br>बाजेको नाम: करे तामाङ<br>स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला साबिक कांकु गा.बि.स ०५<br>हालको ठेगाना: का.जि.गोकर्णेश्वर न.पा वडा नं ०६ जोरपाटी  | नाम थर: लाक्पा दोर्जी तामाङ<br>बाबुको नाम मंगल सिं तामाङ<br>बाजेको नाम: सर्के तामाङ<br>स्थायी ठेगाना : सोलुखुम्बु जिल्ला साबिक कांकु गा.बि.स ०५<br>हालको ठेगाना: का.जि.गोकर्णेश्वर न.पा वडा नं ०६ जोरपाटी  |
| | **धितो विवरण**: मालपोत कार्यालय सोलुखुम्बुमा लाक्पा दोर्जी तामाङको नाममा दर्ता श्रेष्ता कायम रहेको साबिक सल्लेरी गा.बि.स वडा नं ०८ कित्ता नं १८६८, क्षेत्रफल १०,५१२.५० ब.मि) जग्गा र सो ले चर्चेको लिगलगापात समेत । | |
| | **ऋणीको विवरण** | **साक्षी/जमानीको विवरण** |
| २ | नाम थर: रेखिमाया कार्की<br>पतिको नाम: टिका बहादुर कार्की<br>बाबुको नाम: दल बहादुर खड्का<br>स्थायी ठेगाना: रामेछाप जिल्ला साबिक टिल्पुङ्ग ५<br>हालको ठेगाना: का.जि.का.म.न.पा. वडा नं ०९  | नाम थर: टिका बहादुर कार्की<br>बाबुको नाम: नरसिं कार्की<br>स्थायी ठेगाना: रामेछाप जिल्ला साबिक टिल्पुङ्ग ५<br>हालको ठेगाना: का.जि. का.म.न.पा. वडा नं ०९  |
| | **धितो विवरण**: रेखिमाया कार्कीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको साबिक सुँडाल गा.बि.स ०१ सिट नं: ०१ ख, कित्ता नं: ७०९, क्षेत्रफल ०-४-२-२ (१४७.०४ ब.मि) जग्गा र सो ले चर्चेको लिगलगापात समेत | |
| | **ऋणीको विवरण** | **साक्षी/जमानीको विवरण** |
| ३ | ऋणीको नाम थर: राम गोबिन्द महर्जन<br>बाबुको नाम: राम महर्जन<br>बाजेको नाम: कुल बहादुर महर्जन<br>स्थायी ठेगाना: ललितपुर जिल्ला साबिक टिकाथली गा.बि.स ०६<br>हालको ठेगाना: का.जि.का.म.न.पा वडा नं ०६ सरस्वतीनगर  | नाम थर: दिनेश महर्जन<br>बाबुको नाम: राम गोबिन्द महर्जन<br>बाजेको नाम: राम महर्जन<br>स्थायी ठेगाना: ललितपुर जिल्ला साबिक टिकाथली गा.बि.स ०६<br>हालको ठेगाना: का.जि.का.म.न.पा वडा नं ०६ सरस्वतीनगर  |
| | **धितो विवरण**: राम गोबिन्द महर्जनको नाममा मालपोत कार्यालय लगलखेल, दर्ता श्रेष्ता कायम रहेको साबिक टिकाथली गा.बि.स ०६, कित्ता नं २३४१, क्षेत्रफल १०७.०० ब.मि) जग्गा र सो ले चर्चेको लिगलगापात समेत | |
| | **ऋणीको विवरण** | **साक्षी/जमानीको विवरण** |
| ४ | ऋणीको नाम थर: धन कुमारी राई<br>बाबुको नाम: डिमछिरी राई<br>बाजेको नाम: पुत्र धन राई<br>स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला साबिक जुभिङ गा.बि.स ०२<br>हालको ठेगाना: का.जि.का.म.न.पा वडा नं ०६ सरस्वतीनगर  | नाम थर: प्रकाश मानन्धर<br>बाबुको नाम: बिष्णुहरी मानन्धर<br>बाजेको नाम: लक्ष्मी नारायण मानन्धर<br>स्थायी ठेगाना: का.जि.का.म.न.पा वडा नं ०७ चुच्चेपाटी  |
| | **साक्षी/जमानीको विवरण** | |
| | नाम थर: किशोर राई<br>बाबुको नाम: भाल सिंह राई<br>बाजेको नाम: शिव बहादुर राई<br>स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला साबिक राखावाङदेल गा.बि.स ०८<br>हालको ठेगाना: का.जि.का.म.न.पा वडा नं ०६ सरस्वतीनगर  | नाम थर: दिनेश राई<br>बाबुको नाम: भाल सिंह राई<br>बाजेको नाम: शिव बहादुर राई<br>स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला साबिक राखावाङदेल गा.बि.स ०८<br>हालको ठेगाना: का.जि. का.म.न.पा वडा नं ०६ सरस्वतीनगर |
| | **धितो विवरण**: धन कुमारी राईको नाममा मालपोत कार्यालय लगलखेलमा दर्ता श्रेष्ता कायम रहेको साबिक बडीखेल गा.बि.स ०३ नक्सा सिट नं ३क कित्ता नं ४०६, क्षेत्रफल ९५.३७ ब.मि) जग्गा र सो ले चर्चेको लिगलगापात समेत | |

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
**मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं**
**फोन नं ४५६१३२७, ४५६१७५६**
**सदस्य सेवा केन्द्र न्युरोड, काठमाडौं**

## Invitation for Sealed Quotation

## Chaurjahari Municipality

### Office Of Municipal Executive

**Chaurjahari Rukum (West)**

**Karnali Province, Nepal**

**INVITATION FOR SEALED QUOTATION FOR THE PROCUREMENT OF LAB AND X-RAY ITEM CHAURJAHARI MUNICIPALITY RUKUM (WEST) SEALED QUOTATION NO: CJM/GOODS/SBQ/06/080/081**

**Date of Publication: 05-11-2023**

1. The Chaurjahari Municipality invites sealed quotations from registered Suppliers for the Procurement of Lab and X-ray Item Chaurjahari Municipality Rukum (West).
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Rukum West Rukum, 9857826111, ghi.chaurjahari@gmail.com.
   OR
   [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete set of Bidding Documents may be purchased from the office Chaurjahari Municipality Rukum West Rukum and the office Chaurjahari Municipality Rukum West Rukum by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non- refundable fee of NRs. 1000.0 till 20-11-2023 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **i. Name of the Bank :Rastriya Banijya Bank Ltd. ii. Name of Office :Chaurjahari Municipality**
   **iii. Office Code no :80659402300 iv. Office Account No :Rajaswo khata**
   **v. Rajaswo (revenue) Shirshak No:14265**
5. Sealed bids must be submitted to the office Chaurjahari Municipality Rukum West Rukum by hand or through e-GP system i. e www.bolpatra.gov.np/egp on or before 20-11-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 20-11-2023 13:00 at the office of Chaurjahari Municipality Rukum, West Rukum, Lumbini Province Nepal.
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 52500, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[4330100303000002] at [Rastriya Banijya Bank Ltd., Lalitpur, 0, Kathmandu, Bagmati Province, Kathmandu] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**
**Chaurjahari Municipality**

प्रभाव दैनिक
National Daily

म्पादकीय

# राहत तथा पुनःस्थापना प्रभावकारी बनाऊ

प्राकृति विपत्ति कुन बेला आउँछ भन्ने निश्चित हुँदैन । नेपालीमाझ चर्चित उखान 'दशा बाजा बजाएर आउँदैन'भन्नुको अर्थ विपत्ति जुनसुकै बेला आउन सक्छ । त्यसरी आउने विपत्तिले ठूलो जनधनको क्षति पुऱ्याउँछ । शुक्रबार राति यस्तै भयो जाजरकोट र रुकुम पश्चिममा ।

राति ११ः४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका–१, रामीडाँडा केन्द्रबिन्दु भई ६.४ रेक्टरस्केलको भूकम्प गयो । जतिबेला अधिकांश मानिसहरू चीर निद्रामा हुन्छन् । रातिको समय आएको त्यही भूकम्पले ठूलो मानवीय तथा भौतिक संरचनामा क्षति पुऱ्याएको छ । जाजरकोट भूकम्पमा परी १५७ जनाको ज्यान जानुका साथै ३०० भन्दा बढी घाइते भएको गृह मन्त्रालयले जनाएको छ । यो शनिबार साँझसम्मको तथ्यांक हो । उद्धार कार्य जारी रहेकाले मृतक र घाइतेको संख्या बढ्न पनि सक्छ ।

जाजरकोट भूकम्पले पुऱ्याएको यो मानवीय क्षति २०७२ को विनासकारी भूकम्पपछिकै सबैभन्दा ठूलो हो । ०७२ को भूकम्पपछि मुलुकका विभिन्न क्षेत्रमा केन्द्रबिन्दु भई थुप्रैपटक भूकम्प गए पनि मानवीय क्षति भएको थिएन । यो भूकम्पले अकल्पनीय क्षति पुऱ्याएको छ । जाजरकोट र रुकुम पश्चिममा भूकम्प गएलगत्तै उद्धार कार्यमा सरकार तत्काल लागिपऱ्यो । शनिबार बिहानैदेखि प्रधानमन्त्री पुष्पकमल दाहाल स्वयं प्रभावित क्षेत्रमा पुगी उद्धार कार्यमा खटिए । राज्यका सम्पूर्ण शक्तिलाई परिचालन गरे जुन राम्रो कुरा हो ।

तर, यतिले मात्रै पर्याप्त हुँदैन । भूकम्पपीडितलाई तत्काल पुनःस्थापनाको व्यवस्था गर्न जरुरी छ । घाइतेहरूको प्रभावकारी उपचारमा ध्यान दिनुपर्छ । यसमा सरकारको ध्यान जाओस् । सरकारसँगै अन्य क्षेत्रबाट पनि भूकम्पपीडितका लागि सहयोग घोषणा हुने क्रम जारी छ । विपद्को बेला सहयोगमा जुट्नु सराहनीय कार्य हो । तर, कतिपयले आफ्नो प्रचारका लागि सहयोग अभियान चलाउने कार्य गरेको पाइन्छ ।

विगतमा पनि यस्ता घटना भएका थिए । त्यसैले यस्तो घटना दोहोरिन नदिन सहयोग तथा राहत वितरण कार्य एकद्वार प्रणालीबाट गर्ने व्यवस्था गर्न जरुरी छ । अन्तर्राष्ट्रिय दातृ निकाय तथा मित्रराष्ट्रहरूबाट पनि सहयोग घोषणा भइरहेको सन्दर्भमा एकद्वार प्रणाली अनिवार्य देखिन्छ । विगतको घटनाबाट पाठ सिकेर सरकारले तत्काल सो कार्य गर्न जरुरी छ । अन्यथा पीडितले राहत पाउनुभन्दा बढी विभिन्न स्वार्थ समूहको कमाइखाने भाँडो बन्नसक्छ । यो दुखद् घडीमा सरकारसँगै सबै पक्ष जिम्मेवार बन्न जरुरी छ । घाइतेको प्रभावकारी उपचार, आवास भत्किएकाहरूको पुनःस्थापना र पीडितहरूका लागि आवश्यक अन्य सहयोगका लागि जुटौं ।

## मननयाग्य

### चाणक्य नीति

पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो । शकटारसँग भने- तात । कुनै प्रकारले पनि मलाई नन्दका दरवारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैँ गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु ।

शकटारले जवाफ दिए- 'पर्सि बिहान नन्दको दरवारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ । तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ ।' यति भनी शकटार दरवारतिर हिंडे ।

विहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए विचार-विचारमै मगधको भविष्य निर्णित गरेजस्तै ।

कुटीदेखि टाढा रथ रोकिएको आवाजले विचारधारा भंग भयो । शकटार आइरहेका रहेछन्, चोणक्य उनको प्रतीक्षामा थिए । शकटारलाई प्रणाम गरी रथमा चढेर उनकै साथ राजभवनतिर प्रस्थान गरे । मगधको राजपथ सफा पीडा दुवैतिर ठूलाठूला वृक्ष छाया दिएका निकै अगाडि पुगेपछि उनीहरू सहरी क्षेत्रमा प्रवेश गरे ठूलाठूला बाटा, रामा बादली र बज्रले निर्मित भवन, बाटामा नानारंगका वस्त्र लगाएका नागरिकले मगधको भव्यतालाई प्रदर्शन गरिरहेका थिए । बिहानी समय हुँदा मन्दिरमा घण्टको मीठो ध्वनि, बेदमन्त्रका उच्चारणको स्वर सुनिन्थ्यो। सूर्य पनि आफ्नो ताम्रवर्ण छाडेर पूर्ण तेजिलो रूपमा आइसकेका थिए ।

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भए । १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अब लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका बीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यतिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियी. भन्ने पतै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए ।

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो । राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा । व्यवस्थित ठाउँमा बगैंचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो । राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए ।

# महिलालाई उद्यममा डोऱ्याउँदै देविका



▸▸ पदम श्रेष्ठ

'हुने बिरुवाको चिल्लो पात' भन्ने उखान त्यसै बनेको होइन । यो मान्छे भविष्यमा केही न केही बन्छ भन्ने कुराको संकेत अपवादबाहेक बालककालमा नै देखिसकेको हुन्छ प्रायः । यस्तै उदाहरणीय व्यक्तिमा पर्छिन्- देविका बुढाथोकी । सिर्जनशील क्षमता नै सफलताको कडी हो भन्ने आदर्शलाई आत्मसात गरेको 'नेपाली माटो' नामको हस्तकला संस्थाकी संस्थापक तथा महिला उद्यमी महासंघकी अध्यक्ष देविकाले उक्त कुरा सावित गरेकी छन् ।

उनी सानैदेखि गाउँघर वरिपरि खेर गइरहेका घाँस, पराल, कुरो वा केही पनि सामग्रीलाई रचनात्मक ढंगले उपहारका सामग्री बनाएर आयस्रोतको माध्यम बनाइराख्ने स्वभावकी थिइन् । यसै सिलसिलामा पाँच वर्ष अगाडि थाकलको घाँसले बुनेको ब्याग बोकेर चीन जाँदा त्यो ब्यागको चीनमा ठूलो परिमाणमा अर्डर पाइन् । त्यहाँबाट अर्डर लिएर फर्कन सफल त भइन् तर एक्लैले त्यो अर्डरअनुसार उत्पादन गर्न सक्ने सवाल भएन । अनि आफ्नै देशमा केही न केही काम गरेर आयआर्जन गरी आत्मनिर्भर हुन चाहने महिलाहरूको संख्या पनि थुप्रै देखिन् ।

सानैदेखि सीपका काम गर्न रुचाउने महिला उद्यमी देविकाले मकैको खोस्टा, परालबाट बन्ने जुत्ताको उपयोग गरी हातैले कलात्मक ढंगले बुनेका नौलो सामग्रीबाट विदेशीसमेत आकर्षित हुने गरेको पाइन् । उनले थाहा पाइन् कि, उत्पादन र बजारलाई समन्वयमात्र गर्न सकिएमा थुप्रै बेरोजगार महिलाहरूको आफ्नै हातमा आवश्यक खर्च दिलाउन सकिन्छ । यही सोचलाई अगाडि बढाउने उद्देश्यका साथ देविकाले 'नेपाली माटो' नामको संस्था खोलिन् । यही संस्थामार्फत ऐच्छिक महिलाहरूलाई तालिम र उत्पादित हस्तकला तथा कृषि सामग्रीको विदेशमा बजारीकरण गर्न थालिन् ।

उद्यमी देविकाले धेरै पढेकी छैनन् तर उनीभित्रको केही गर्ने रचनात्मक चाहनाबाट एक हजार जनाभन्दा बढी उद्यमी महिलाहरूको नेतृत्व गर्न सक्षम भएकी छन् । हाल स्थानीय कच्चा पदार्थबाट बनेका झोला वार्षिक १० लाख वटाको माग भए पनि करिब एक लाखवटा मात्र निर्यात गर्न सकेको उनले बताइन् ।

> उद्यमी देविकाले धेरै पढेकी छैनन् तर उनीभित्रको केही गर्ने रचनात्मक चाहनाबाट एक हजार जनाभन्दा बढी उद्यमी महिलाहरूको नेतृत्व गर्न सक्षम भएकी छन् । हाल स्थानीय कच्चा पदार्थबाट बनेका झोला वार्षिक १० लाख वटाको माग भए पनि करिब एक लाखवटा मात्र निर्यात गर्न सकेकी छन् ।

झोला बन्न थालेको तीन वर्षमै चीन र अस्ट्रेलियालगायतका देशबाट ठूलो परिमाणमा माग भइरहेको तर मागेजत्ति दिन नसकेको संस्थापक देविका बताउँछिन् । त्यस्तो झोलाको माग पूरा गर्न नसक्नुको प्रमुख कारण भने झोला बनाउने जनशक्तिकै अभाव र हातैले बनाउनुपर्ने भएकोले उत्पादनका लागि समय लाग्नु र सामानको गुणस्तर कायम गर्नुपर्दा पनि भएको उनी बताउँछिन् ।

देविकाका अनुसार रोजगारीका लागि नेपाली महिला दिदीबहिनी विश्वका थुप्रै देशमा पुगेर संघर्ष गरिरहेका छन् तर घरमै बसेर दैनिक १८ सय रूपैयाँसम्म कमाउन सकिने सीपको काममा ध्यान पुगेको छैन । प्रतिब्याग ६०० रूपैयाँ ब्याग बनाउनेले पाउँछन्, दक्ष र लगनशील महिलाले प्रतिदिन तीनवटा बनाउन सक्छन् । तर मसिनो गरी मिहेनत गर्नुपर्ने भएकोले सीपको काममा भन्दा ज्यालादारी वा जागिरमै रमाउने प्रवृत्ति नेपाली महिलामा बढी पाइएको उनको अनुभव छ ।

उनले नेपाली माटो संस्थाको केन्द्र ग्वार्को तेता स्तुपनजिक ऐच्छिक महिलाहरूलाई १५ दिने निःशुल्क थाकलको ब्याग बनाउने तालिम पनि दिँदै आएकी छन् । महासंघ अध्यक्ष देविकाले तराई क्षेत्रमा थारु समुदायले बुन्ने गरेको ढकी, डालोको बनावटलाई नयाँ डिजाइन भर्दै झोलामा परिणत गर्न गरेको प्रयास सफल भएको बताइन् ।

### सामग्री निर्माणका लागि कच्चा पदार्थ

नेपालका पहाडी तथा तराई क्षेत्रमा खेर गइरहेका गाई, भैंसीलाई खुवाउने मकैको खोस्टा, पराल, सिक्की, थाकल, पटेर र काँसलाई सुकाएर तातो पानीमा डुबाएपछि झोलालगायतका रिजनल ह्याण्डिक्राफ्टले निर्माण गर्ने कच्चा पदार्थ तयार हुन्छ, जुन खोला किनार, वनजंगल, खेतबारीमै पाइन्छ ।



उनले गाउँ घर जंगलमा त्यसै खेर गइरहेको थाकल काटेर मात्र दिए पनि प्रतिकेजीमा किनेर हस्तकलाको उत्पादनमा सहभागिता बढाउँदै आइरहेकी छन् । गाउँमा खेर गइरहेको थाकललाई संकलन र प्रवर्द्धन मात्र गरिदिने हो भने पनि घरायसी महिलालाई दुई-चार रूपैयाँको कहिल्यै खाँचो नहुने अभियान नै थालिएको बताइन्छ ।

महिलाका लागिमात्र अभियान चलाउनुको कारणबारे उद्यमी देविका भन्छिन्- पुरुष त प्रायः घर व्यवहारका लागि बाहिरबाहिरै पुग्नुपर्ने तर घरको सुकेधन्दादेखि बालबच्चा घरपरिवारसम्म हेरचाह महिलाको थाप्लोमा पर्ने भएको हुँदा फुर्सदमा काम गर्न सक्नेगरी महिलालाई प्राथमिकता दिइएको उनको भनाइ छ । तर, केही गरी थाकलको ब्याग बनाउने इच्छा भए त्यसमा खासै छेकबार नभएको उनले प्रस्ट पारिन् ।



### महिलालाई घरमै रोजगारी

देविकाले पाँचजना महिलाबाट सुरु गरेको त्यस्तो झोला बनाउने पेसामा ३५ जिल्लाका एक हजार ४०० जना सहभागी छन्, भने रिजनल ह्याण्डिक्राफ्टले सीप विकास प्रतिष्ठान, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलगायतको सहयोगमा तालिम सञ्चालन गरी झोलालगायत अन्य ह्याण्डिक्राफ्टका सामग्री बनाउने जनशक्ति तयार गरिरहेको छ ।

पन्ध्र दिनदेखि एक महिनासम्मको तालिमपछि उक्त सामग्री बनाएर स्वरोजगार हुन सकिन्छ । साथै, २५ जनाको समूह तयार पारी त्यस्तो सीप सिकाउन माग भए सो संस्थाले प्रशिक्षक उपलब्ध गराउँदै आएको छ ।

रिजनल ह्याण्डिक्राफ्टले स्थानीय कच्चा पदार्थको प्रयोग गरी झोला, चकटी, पिरा, ब्याग, पर्स, गलैंचा, ह्याट, पेन होल्डर, खुत्रुकेलगायतका सामग्री बनाउन तालिम दिनुका साथै बनेका सामग्रीको बजारीकरणमा सहयोग गर्दै आएको छ । त्यस्ता सामग्री निर्माणका लागि तालिम दिनसक्ने ३५ जना दक्ष प्रशिक्षक तयार भइसकेको उनले बताइन् ।

नेपाली ह्याण्डिक्राफ्टका सामग्रीको अन्तर्राष्ट्रिय बजारमा ठूलो माग रहेको कारण सरकारले शिक्षालाई सीपसँग जोड्दै उद्यमी बन्न प्रेरित गर्ने नीति लिने हो भने स्वदेशमै प्रशस्त रोजगारी सिर्जना हुने उनको भनाइ छ । गत वर्ष रिजनल ह्याण्डिक्राफ्टले एक करोड ४६ लाख रूपैयाँ बराबरको निर्यात गरेको थियो ।

## पत्र–मञ्जषा

# सरकारलाई पीडित साना व्यवसायीहरूको आग्रह

फूल आफैंमा एउटा सुन्दर शब्द हो र यसको सजावटबाट हुने आकर्षणबारेमा जानकार नभएको भने सायद कोही नहोला । वर्तमान समयमा त यसको प्रयोग विश्वभरका अन्तर्राष्ट्रिय विमानस्थल, होटल, रेस्टुरेण्टलगायत ठूलाठूला सहरबजार यस्ता फूलबाट सजावट गरी आकर्षित गर्न होडबाजी नै भएको हुन्छ । जो कोहीले जहाँ पायो त्यहीँ यस्तो दृश्य देख्न सकिन्छ ।

प्लास्टिकबाट नभई कपडा तथा अन्य पदार्थबाट मित्रराष्ट्र चीनमा उत्पादन हुने यस्ता फूलहरू विश्वका सबै देशमा निर्वाधरूपमा बिक्रीवितरण भइरहेको र पटक-पटक सफा गर्दै लामो समयसम्म प्रयोग गर्न मिल्ने यस्ता कृत्रिम फूलहरू प्राकृतिक फूलभन्दा सयौं गुणा सस्तो पर्ने भएकोले यस्ता कृत्रिम फूलहरू नेपालको होटल, रेस्टुरेण्ट, पार्टी प्यालेस तथा निजी घरमासमेत सजावटका लागि प्रयोग गरेको सर्वविदित नै छ ।

नेपालमा पनि देशभर हजारौं व्यवसायीले यस्ता फूल व्यवसाय गरी आफ्नै देशमा रोजगारी सिर्जना गरेका छन् । देशको नीति नियमभित्र रही आयात गर्न व्यवसायीहरूले राज्यको नीतिअनुसार राजस्व तिरेकै छन् । राज्यलाई कहीँ कतैबाट पनि अहित नहुने र विश्वको कुनै पनि देशमा प्रतिबन्ध नभएका यस्ता फूलहरूलाई नेपालमा भने अपव्याख्या गरी यस्ता वस्तुहरूमा राज्यले किन र कसका लागि प्रतिबन्ध लगाएको छ ? नेपाल सरकारसँग सम्बन्धित सरोकारवालाहरूले अनुसन्धान गरी यसको यथार्थ कुरा जनतासमक्ष ल्याउन जरुरी छ । विश्वको कुनै पनि जनप्रेमी सरकारले प्रचलनमा आइरहेको कुनै पनि आयातीत सामान आफ्नो मुलुकका लागि अहित हुने देखेमा त्यस्ता वस्तुको आयात तथा बिक्रीमा सम्बन्धित व्यवसायीहरूलाई एउटा समय सीमा दिएर मात्र रोक लगाउने एउटा सम्मानित नियम नै हुन्छ । तर, हाम्रो देशमा देशको नीति नियमभित्र रही एलसी/टिटीको माध्यमबाट आयात भई राज्यलाई भन्सार महसुल तिरेर ल्याइएका सामान पूर्णरूपमा बिक्री वितरण र भण्डारणसम्म गर्न नपाउने यस्तो पासविक निर्णय किन र कसका लागि गरेको छ ? यसको निष्पक्ष छानबिन हुनुपर्छ भन्ने यी वस्तुसँग सम्बधित व्यवसायीको माग छ ।

सामान्य रूपमा प्लास्टिकको प्रयोग विश्वको जुनसुकै मुलुकमा पनि हुन्छ । मानिसले खानेपानीका बोतल वा भान्सामा प्रयोग हुने प्लास्टिक चम्चा होस्, बच्चाहरूलाई दिइने खेलौना किन नहोस् वा हाम्रै दैनिक जीवनमा प्रयोग हुने अधिकांश वस्तुहरूमा प्लास्टिकको प्रयोग हुन्छ । यस्ता वस्तु हाम्रो देशमा पनि निर्वाधरूपमा आयात भएकै छन् । फूल (कृत्रिम) पनि त्यस्तो एउटा वस्तु हो जुन कपडाबाट बनेको हुन्छ र त्यसलाई विभिन्न रूपमा आकारप्रकार दिन अन्य सहायक पदार्थको प्रयोग गरिन्छ । तर नेपाल सरकारको केही विभाग तथा मन्त्रालयले वास्तविक कपडाले बनेको फूललाई छायाँमा पारी त्यसलाई आकारप्रकार दिनका लागि प्रयोग हुने केही सामान्य पदार्थलाई चाहिँ वास्तविक वस्तु हो भनी अत्यन्त लज्जास्पद अपव्यख्या गरेको पाइन्छ । त्यस्ता वस्तुको व्यवसाय बन्द गर्दा एकातिर राज्यलाई आउने राजस्व प्रभावित भएकै छ भने अर्कोतिर यस्ता व्यवसायीलाई रोजगारीका लागि विदेश पलायनको स्थितिमा पुऱ्याइदिएको छ । आखिर राज्य र व्यवसायी दुवैका लागि अहित हुने र राज्यस्तरबाट यस्ता व्यवसायप्रति कारबाही हुने भनी २०८०/०७/०२ मा गृह मन्त्रालयको सहसचिवको सयोजकत्वमा गरेको बैठकको सूचना राज्यस्तरबाट नभई फ्लोरिकल्चर एसोसियसन नेपालको प्रेस विज्ञप्तिबाट अन्य व्यवसायीलाई जानकारी हुनु शिथिल भएको अहिलेको अर्थतन्त्र र चाडपर्वको मुखमा हुने अनुगमनको नाममा बजार आतंक गरी जरिवाना गर्ने, फ्लोरिकल्चर व्यवसायसँग सम्बन्धित सबै व्यवसायीको मोबाइलमा सरकारी अनुगमन कहाँ र कहिले हुँदै छ भन्ने फ्लोरिकल्चर एसोसियसन नेपालले आफ्ना व्यवसायीहरूलाई मेसेज गरी सतर्क गराउनु यो एउटा संयोग हो या त्यस्ता व्यवसायी र विभागको अपवित्र गठबन्धन हो ? यसमा छानबिन हुन आवश्यक भएको महसुस गरेको छौं ।

दुई-तीन दशक अगाडिदेखि आफ्नो चल अचल सम्पत्ति बैंकमा धितो राखी बैंकलाई चरम ब्याज तथा शुल्क तिरी लिएको ऋणबाट आयात गरेका यस्ता सामानहरू बिक्री वितरण गर्न सरकारले रोक लगाएपछि त्यसबाट बैंकको ऋण र त्यसको ब्याज कसरी भुक्तान गर्ने हो ? त्यसको विकल्प नभएको सम्बन्धित व्यवसायीहरूको दुःखेसो छ । अतः राज्यस्तरबाट आमव्यवसायीप्रति समान व्यवहार होस् भनी यस व्यवसायसँग सम्बन्धित सबै व्यवसायीको तर्फबाट सरकारसँग हार्दिक अनुरोध गर्दछौं ।

**– शंकर श्रेष्ठ, धिरेन शाह, केदार श्रेष्ठ तथा काठमाडौंका पीडित साना व्यवसायीहरू**

**जानकारी**

**अब य दनिकल हरक दिन पत्र–मञ्जषा तम्भ रू गरकाल पाठक वगहरूल आफूल चाहका विषय वत, रकारी निकायका काम कारबाही वा पत्रिकामा म्प्रषण भएका माचारका बारमा पत्र लख्न भएमा त्यलाइ जताका त्यत प्रकाशन हन जानकारी गराइन्छ ।**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# गुमनाम 'गुरिल्ला ट्रेक'



नाम चलेका पदमार्ग छोटिँदै र मासिँदै गएका बेला गुरिल्ला ट्रेकबाट नेपालको पर्यटन क्षेत्रले लाभ लिन सक्छ

■ रामबहादुर थापा

**गण्डकी–** पर्यटक पथप्रदर्शक दिवस गुरुङको भनाइमा 'लुकेको हीरा' हो गुरिल्ला ट्रेक । गत साल मध्यबर्खामा उनले ३५ दिन उक्त ट्रेकमा एक्लै पदयात्रा गरेका थिए । गत वर्षको साउनको दोस्रो साता पोखराबाट निस्किएका उनले पर्वत, बागलुङ, पूर्वी रुकुम हुँदै भदौ आखिरीतिर रोल्पाको जेलवाङ पुगेर पदयात्रा बिट मारेका थिए ।

'बागलुङको बुर्तिबाङसम्म मोटरमा पुगेँ, त्यसपछि ढोरपाटन हुँदै पदयात्रा सुरु गरेको थिएँ,' २९ वर्षीय गुरुङले भने, 'अरु पदमार्गमा भन्दा बेग्लै अनुभव गुरिल्ला ट्रेकमा भयो, माओवादी जनयुद्धताका छापामार हिँडेको बाटो र युद्ध गतिविधि हुने स्थललाई समेटेर बनाइएको पदमार्ग भएकाले घुम्ने हुटहुटी र जिज्ञासा पहिलेदेखि नै थियो ।'

उनका अनुसार प्रकृतिमय भूगोल, ऐतिहासिक महत्त्वका स्थल, जैविक विविधता, मगर जातिका सघन बस्ती, रैथाने कला, संस्कृति, रहनसहन, रीतिथिति आदि गुरिल्ला ट्रेकका विशेषता हुन् । 'गुरिल्ला ट्रेक 'भर्जिन' गन्तव्य हो, यसको ब्राण्डिङ गर्नु जरुरी छ,' उनले भने, 'नाम चलेका पदमार्ग छोटिँदै र मासिँदै गएका बेला गुरिल्ला ट्रेकबाट नेपालको पर्यटन क्षेत्रले लाभ लिन सक्छ ।'

रोल्पाको सुनछहारी गाउँपालिकाका पर्यटन व्यवसायी तथा घरबास महासंघ लुम्बिनीका उपाध्यक्ष बालकुमार पुनले छोटो, मध्यम र लामो दूरीबाट गुरिल्ला ट्रेकमा यात्रा गर्न सकिने बताए । उनका अनुसार सबैभन्दा छोटो १४ दिनको पदयात्रा म्याग्दीको बेनी, दरबाङ, गुर्जाघाट, बागलुङको ढोरपाटन, निशेलढोर पूर्वी रुकुमको तकसेरा, लुकुम, रोल्पाको थवाङ, जलजला, जेलवाङ हुँदै सुलीचौर पुगेर टुंगिन्छ ।

मध्यम दूरीको पदयात्रा गर्न १९ दिन लाग्ने पुनको भनाइ छ । जुन बेनी, दरबाङ, गुर्जाघाट हुँदै ढोरपाटन पुगेपछि बुकी हुँदै रुकुम पूर्वको पेल्मा, मैकोटतिर जोडिन्छ । मैकोटबाट तकसेरा निस्केर लुकुम, रोल्पाको थवाङ, जलजला, जेलवाङ हुँदै सुलीचौर पुग्न सकिने पुनले बताए । सबैभन्दा लामो २७ दिनको पदयात्राले भने पश्चिम रुकुमलाई समेत समेट्ने उनको भनाइ छ ।

'ढोरपाटनबाट पेल्मा, मैकोट, पश्चिम रुकुमको अर्चल, रुकुमकोट, पूर्वी रुकुमको तक्सेरा, लुकुम, रोल्पाको थवाङ, जलजला, जेलवाङ हुँदै सुलीचौर पुगेर पदयात्रालाई टुंग्याउन सकिन्छ,' उनले भने, 'यो ट्रेकले माओवादी जनयुद्धको उद्गमस्थल मानिने रोल्पाको थवाङदेखि युद्धले सघन प्रभाव परेका ठाउँलाई जोडेको छ, युद्ध पर्यटनका माध्यमबाट ऐतिहासिक ठाउँको पहिचान स्थापित गर्न र युद्ध प्रभावित क्षेत्रका बासिन्दाको जीवनस्तर उकास्न गुरिल्ला ट्रेकको अवधारणा ल्याइएको हो ।'

बागलुङको ढोरपाटन, रोल्पाको सुलीचौरलगायत ठाउँबाट पनि छोटो र लामो दूरीमा उक्त ट्रेकको यात्रा गर्न सकिने उनले बताए । 'बागलुङको बुर्तिबाङ, ढोरपाटन हुँदै गरिने पदयात्रा आठ/दस दिनमै टुंग्याउन सकिन्छ, समय र अरु व्यवस्थापकीय तयारीलाई हेरेर जुनसुकै मार्ग प्रयोग गरेर गुरिल्ला ट्रेकमा जान सकिन्छ,' पुनले भने ।

अस्तित्वमा आएको दशक बितिसक्दा पनि सोचेजसरी गुरिल्ला ट्रेकको विकास भने हुन नसकेको उनको भनाइ छ । 'राज्यले पनि खासै हेरेन, पर्यटन सम्बद्ध संघसंस्थाको पनि उपेक्षामा यो ट्रेक परिरहेको छ,' पुनले भने, 'पर्यटन विकासको प्रचुर सम्भावना भएर पनि गुरिल्ला ट्रेक यसै गुमनाम छ ।'

नेपाल पर्यटन बोर्ड, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतको पहलमा वि.सं. २०७२ मा यो पदमार्ग घोषणा गरिएको थियो । वि.सं. २०७३ मा प्रधानमन्त्री पुष्पकमल दाहालले रुकुम पूर्वको चुनवाङमा गुरिल्ला ट्रेकको औपचारिक शुभारम्भ गरेका थिए । माओवादी आन्दोलनमा 'चुनुवाङ बैठक' बहुचर्चित मानिन्छ ।

सोही बैठकबाट माओवादीले जनयुद्धलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराउने निर्णय लिएको थियो । 'गुरिल्ला ट्रेकको अवधारणा वि.सं. २०६८/६९ देखि नै सुरु भएको हो, घोषणा र प्रवर्द्धनको काम पछि आएर भयो,' पुनले भने, 'अरुभन्दा यो ट्रेक विशिष्ट खाले छ, युद्ध पर्यटनसँग जोडिएको छ ।'

पूर्वाधार र प्रचार अभावमा गुरिल्ला ट्रेक छायाँमा परेको उनको बुझाइ छ । 'अध्ययन/अनुसन्धानका लागि देशविदेशका खोजकर्ता तथा अनुसन्धानकर्मी बेलाबेला आउँछन्, तर पर्यटकको आकर्षण भने बढ्न सकेको छैन,' उनले भने, 'योजनाबद्ध पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनको खाँचो छ, स्थानीय तहदेखि सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्छ ।'

उक्त ट्रेकको नक्सांकन भइसकेको र विभिन्न टुर्स एण्ड ट्राभल्स कम्पनीमार्फत पनि प्रवर्द्धनको प्रयास भइरहेको पुनले उल्लेख गरे । 'म्याग्दीको गुर्जाघाटदेखि ढोरपाटनको बुकी भएर पूर्वी रुकुम निस्कँदा दुई/तीन दिनसम्म मानव बस्ती नै भेटिँदैन, लत्ताकपडा, खानेकुरा, टेण्टसहित बन्दोबस्ती लिएर यो ट्रेकमा जानुपर्छ,' पुनले भने, 'अन्त भने खाजाघर, होटल र घरबास ठाउँठाउँमा छन्, खास ठूलो समस्या छैन ।'

पर्यटक पथप्रदर्शक गुरुङले गुरिल्ला पदमार्गमा माओवादी जनयुद्धका चिनारी र अवशेषको पनि अनुभव बटुल्न पाइने उल्लेख गरे । 'छापामार हिँड्ने बाटो, सेल्टर, तालिम केन्द्र, बंकर, माओवादी नेताका बैठकस्थल आदिको अवलोकन गर्न सकिन्छ,' उनले भने, 'अन्नपूर्ण हिमशृंखलादेखि, धवलागिरि, गुर्जा, पुथा, चुरेनलगायत हिमालको दृश्यले पनि पदयात्रालाई रोमाञ्चकता प्रदान गर्छ ।'

उनका अनुसार बागलुङ, म्याग्दी र पूर्वी रुकुममा फैलिएको ढोरपाटन सिकार आरक्ष यो ट्रेकको प्रमुख आकर्षण हो । गुरुङले पदयात्राका क्रममा ढोरपाटनको बुकी क्षेत्रका गोठालासँग साता दिन बिताएका थिए । 'गुरिल्ला ट्रेकबारे पुस्तक पनि प्रकाशित छ, गुगल नक्सा पनि उपलब्ध छ,' उनले भने, 'अरु पदमार्गको भन्दा बेग्लै अनुभवका लागि गुरिल्ला ट्रेक रोज्न सकिन्छ, साहसिक र रोमाञ्चक यात्रा रुचाउनेका लागि यो उपयुक्त गन्तव्य हो ।'

अग्ला पहाड, भीरपाखा, खोला र खोँच हुँदै हिँड्नुपर्ने भएकाले गुरिल्ला पदयात्रामा निस्कँदा सोही किसिमको बन्दोबस्ती मिलाउनुपर्ने गुरुङको सुझाव छ । घोषणा भएर प्रयोगमा आएको वर्षौं बिते पनि गुरिल्ला पदमार्गले सोचेजति उचाइ लिन नसकेको उनको अनुभव छ ।

गुरिल्ला ट्रेकमा पर्यटक आकर्षित गर्न सके यस क्षेत्रका एतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहर र सम्पदा उजागर हुने गुरुङले विचार छ । 'पदमार्ग स्तरोन्नतिदेखि पूर्वाधारमा ध्यान दिनु आवश्यक छ, ठाउँठाउँमा चिया-खाजा पसल, विश्रामस्थल बनाउनुपर्छ,' उनले भने ।

स्तरीय पदमार्ग, होटल तथा घरबासको अभाव आदि कारणले पनि गुरिल्ला पदमार्गमा पर्यटकको आकर्षण बढ्न नसकेको गुरुङले बताए । उनले पदमार्गमा व्यवस्थित रूपमा सूचना र संकेत पाटी राख्नुपर्ने आवश्यक औंल्याए । 'माओवादी जनयुद्धबारे बुझ्न र अध्ययनका लागि यो पदमार्ग पाठशाला हुन सक्छ,' गुरुङले भने, 'मगर जातिको सघन बसोबास रहेकाले तिनको भाषा, संस्कृतिको खोज-अनुसन्धान गर्ने थलोका रूपमा पनि यो क्षेत्रलाई विकास गर्न सकिन्छ ।'

रुकुम पूर्वको भूमे गाउँपालिका-९ का अध्यक्ष विनोद बुढाले पछिल्लो समय गुरिल्ला पदमार्गको चर्चा सेलाउँदै गएको बताए । 'सुरुसुरुमा प्रचारमा पनि आयो, पूर्वाधार निर्माणका केही काम पनि भए तर अहिले यो ट्रेक ओझेलमा परेको छ, पर्यटक पनि आएको देखिन्न, कसैले नाम लिएको पनि सुनिन्न,' उनले भने, 'माओवादीको चुनुवाङ बैठक भएको भेरीडाँडालाई भने ऐतिहासिकस्थलका रूपमा संरक्षण गर्ने काम भइरहेको छ, अहिले सडकमार्गले पनि जोडिएको छ ।'

बैठकस्थल, सैन्य अभ्यास गरिएका ठाउँ, माओवादी अध्यक्ष दाहाललगायत नेता बसेका घरलगायत संरचनाको जीर्णोद्धार गरिएको अध्यक्ष बुढाले बताए । पूर्वी रुकुम, पश्चिम रुकुम, रोल्पालगायत ठाउँमा जनयुद्धकालीन समयको झल्को दिनेगरी संग्रहालय, शान्ति स्तम्भ, सहिदमार्गआदि निर्माण भइरहेको उनले बताए ।

पूर्वाधार सम्पन्न बनाएर विश्व पर्यटन बजारमा ब्राण्डिङ गर्नसके गुरिल्ला पदमार्ग गण्डकी र लुम्बिनी प्रदेशको आकर्षक गन्तव्यस्थलका रूपमा विकास हुने बागलुङ पर्यटन विकास समितिका सचिव अर्जुन चोखालले बताए ।

'ढोरपाटनलगायत पश्चिम पहाडी क्षेत्र पर्यटन विकासमा अहिले पनि पछाडि छ, राज्यका निकायको पनि ध्यान पुग्न सकिरहेको छैन,' उनले भने, 'युद्धबाट गुज्रेका ग्रामीण बस्ती, त्यहाँको जनजीवन र संस्कृतिको अनुभव दिलाउन आन्तरिक तथा बाह्य पर्यटकलाई गुरिल्ला ट्रेकमा आकर्षित गर्न सकिन्छ ।' *रासस*


## Nawadurga Rural Municipality
### Office of the Rural Municipal Executive
**Manilekh, Dadeldhura**
**Sudoorpaschim Province, Nepal**

## NOTICE OF INVITATION FOR ONLINE BIDS

**First Publication Date: 5th November 2023 (2080/07/19)**

1. Nawadurga Rural Municipality Manilekh, Dadeldhura invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures for the following works:

| S. N. | IFB No. | Description of works | Bid validity period in days/ Bid Security validity period in days | Estimated Amount Without VAT (NRs.) | Bid Security Amount in (NRs.) | Bid Document Fee (Non-Refundable) (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | NRM/DDL/WORKS/ NCB/01/2080-081 | Construction of Ward No. 4 Office Building | 90/120 | 90,84,332 | 2,70,000 | 3,000 |
| 2 | NRM/DDL/WORKS/ NCB/02/2080-081 | Construction of Angdigada Lift Water Supply Project | | 38,19,987 | 1,15,000 | |
| 3 | NRM/DDL/WORKS/ NCB/03/2080-081 | Construction of Dogad Gaunpalika Road | | 68,39,509 | 2,05,000 | |
| Deadline for purchase of Bid Document: | Please, visit www.bolpatra.gov.np/egp (Hard Copy is not acceptable.) | | | | | |
| Deadline for bid submission: | 5th December 2023 (2080/08/19), up to 12:00 Hours | | | | | |
| Date, time and place of bid Opening: | 5th December 2023 (2080/08/19), at 14:00 Hours | | | | | |
| Date, time and place of Pre-Bid Meeting: | 26th November 2023 (2080/08/10), at 14:00 Hours | | | | | |
| Account No. for bid document purchase: | Name of Bank: Prabhu Bank , Nawadurga Branch Dadeldhura<br>Name of Office: Nawadurga Rural Municipality, Manilekh Dadeldhura<br>Office Account Number: Aantarik Rajshwa Khata, Khata No.: 1610125413300098 | | | | | |
| Account No. for bid security deposit: | Name of Bank: Prabhu Bank, Nawadurga Branch Dadeldhura<br>Name of Office: Nawadurga Rural Municipality, Manilekh Dadeldhura<br>Office Account Number: Dharauti Khata, Khata No.: 1610125413300038 | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office or may visit PPMO website www.bolpatra. gov.np/egp
3. All the other remaining condition and process will be applicable as stated in PPA 2063, and regulation 2064 and other related law.

**Chief administrative officer**

# प्रभाव दैनिक





## रेखाको 'उपहार' फागुन २५ मा

माघ २६ लाई प्रदर्शन मिति घोषणा गरेको चलचित्र 'उपहार' एक महिना पछि सरेर फागुन २५ मा पुगेको छ। शुक्रबार गीत सार्वजनिक गरेसँगै निर्माण टिमले नयाँ प्रदर्शन मिति पनि सार्वजनिक गरेको हो। माघ २६को मितिमा 'उपहार'सँगै 'हात्तिछाप', 'हनी बनी', 'दयारानी' ले प्रदर्शन मिति घोषणा गरेका थिए। तर तावाको माछा भुंग्रोमा भनेझैँ माघ २६ बाट मैदान छाडेर भागेको 'उपहार' फागुन २५ मा अरू तीन फिल्मसँग जुध्ने भएको छ। फागुन २५ कै मितिमा यसअघि 'काँडेतार', 'रंगेली' र 'लोकल हिरो'ले प्रदर्शन घोषणा गरेका छन्।





आइतबार, १९ कात्तिक २०८० (Sunday, November 5, 2023)


# फिल्म बनाउने बोर्डको निर्णय विवादमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** चलचित्र विकास बोर्डको अध्यक्ष भुवन केसी नियुक्त भएदेखि बोर्ड थुप्रै विवादमा मुछिएको छ। राष्ट्रिय अवार्डबाट उत्कृष्ट फिल्मको विधा गायब गराउनेदेखि फेष्टिभलको नाममा रकम स्वाहा पार्नेसम्म विवाद छन्।

यस्तैमा बोर्डले फिल्म निर्माण गर्ने भनेर अर्को विवाद निम्त्याएको छ। फिल्म निर्माणका लागि ७५ लाख रूपैयाँ छुट्याएको सार्वजनिक भएपछि बोर्ड विवादमा तानिएको हो।

फिल्मकर्मीहरूले बोर्डको यो निर्णयप्रति आपत्ति जनाइरहेका छन्। नीति निर्माण गरेर फिल्म क्षेत्रका समस्या समाधान गर्न भूमिका खेल्नुपर्ने बोर्ड आफैं फिल्म निर्माण गर्न तम्सिनु दुर्भाग्यपूर्ण रहेको फिल्मकर्मीको धारणा छ।

अभिनेता कृष्ण मल्लले फिल्म बनाउने बोर्डको निर्णय नियम र सिद्धान्त विपरीत रहेको बताएका छन्। पत्रकार ध्रुव लम्सालले सर्वोत्कृष्ट फिल्मको अवार्ड लुकाउने बोर्डले आफैं फिल्म बनाउन लाग्नुलाई बोर्डमा पञ्चायती व्यवस्था आएको भनेर टिप्पणी गरेका छन्।

निर्देशक मनोज पण्डितले बोर्डले फिल्म बनाउने होइन भनेका छन्। उनले सामाजिक संजालमा लेखेका छन्, 'चलचित्र मैत्री नीति बनाएर संसदबाट पारित गरी लागु गर। प्रशासनिक सहजीकरण गरिदेऊ। नयाँ र प्रयोगधर्मी सिनेकर्मीलाई उत्प्रेरणा देऊ तर आफैं सिनेमा बनाउँछु भन्ने निर्णय नगर।'

समीक्षक तथा फिल्मका लेखक सामीप्यराज तिमल्सिनाले 'सकाएरै छाड्ने भए' भन्दै बोर्डको निर्णयप्रति आपत्ति जनाएका छन्।

सामाजिक संजालमा भुवनले आफ्नो छोरालाई खेलाउन बोर्डबाट फिल्म बनाएर खेलाउन लागेको भन्दै विभिन्न व्याङ्ग्य गरेका छन्।

# भुकम्पपीडितलाई ५० हजार सहयोग गर्ने पलको घोषणा



**काठमाडौं (प्रस)–** अभिनेता पल शाहले जाजरकोट भुकम्प पीडितलाई सहयोगको घोषणा गरेका छन्। गए राती जाजरकोटमा गएको भुकम्पमा परी जनधनको क्षति भोगेका परिवारजनलाई उनले ५० हजार सहयोगको घोषणा गरेका हुन्।

'जाजरकोटमा गएको भुकम्पले धेरै मानवीय र भौतिक क्षति भएकाले मैले तत्कालका लागि व्यक्तिगत रूपमा रू पचास हजार (५०,०००) हाम्रो टिम नेपालको मार्फत सहयोग गरेको छु,' उनले आफनो घोषणमा भनेका छन, 'हाम्रो टिम राहत र स्वास्थ्य टोलिसहित जाजरकोट जाँदैछ।'

धेरै घरहरू भत्केकाले धेरै नागरिकहरू खुला आकाशमुनि बस्न र खानपिनको ब्यबस्थापन नभएको र घाइतेहरूलाई छिटो उद्धार गर्ने सम्बन्धि निकायलाई अनुरोध गरेका अभिनेता शाहले यस दुखको घडीमा सम्पूर्ण नेपालीहरू एक भएर उद्धार र सहयोग गर्न अनुरोधसमेत गरेका छन्।

# यस्तो छ रेखाको 'उपहार'को पहिलो गीत




■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री रेखा थापाले निर्माण गरेको फिल्म 'उपहार'को पहिलो गीत 'वाह वाह' सार्वजनिक भएको छ। शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच गीत सार्वजनिक गरिएको हो।


बाबुल गिरी र एलिना चौहानको स्वर रहेको गीत रोमान्टिक र डान्सिङ शैलीमा तयार छ।

गायक गिरीकै संगीत र शंकर अधिकारी 'घायल'को शब्द रहेको गीतमा फिल्मका शीर्ष कलाकार रेखा थापा, मुकुन भुषाल, पूजा शर्मा, समर्पणजंग कार्की, बेनिशा हमाल, तेज गिरीलगायत देखिएका छन्।

गीतमा सिमसिमे पानीमा रेखा र मुकुनको डान्स मादक लाग्छ। पूजा र समर्पणजंग, बेनिशा र तेजको जोडी पनि सुहाउँदोछ।

ज्ञानेन्द्र देउजाको निर्देशन रहेको फिल्म रेखा फिल्मस्को ब्यानरमा बनेको हो। फागुन २५ गते फिल्मको रिलिज मिति बताइएको छ।

# लोकराजको 'यस्तो भा छ मलाई' मा लोमश र करिश्माको रोमान्स



**काठमाडौं (प्रस)–** गायिका शान्ता जिसीको स्वर रहेको 'यस्तो भा छ मलाई त' बोलको गीत म्युजिक भिडियो सहित सार्वजनिक भएको छ। युगल गीतमा शान्तालाई गायक प्रताप दाशले स्वरमा साथ दिएका छन्। चर्चित गीतकार लोकराज अधिकारीको शब्द रहेको गीतको सङ्गीत र सङ्गीत संयोजन अर्जुन पोखेलले गरेका हुन्। गायिका जिसीकै अफिसियल च्यानलबाट सार्वजनिक गीतको भिडियोमा कोरियोग्राफी तथा निर्देशक काजिश श्रेष्ठको रहेको छ।

भिडियोमा लोमश शर्मा, करिश्मा ढकाल र सामरिका ढकालको अभिनय छ। डान्सिङ नम्बरको रूपमा तयार गीतमा अजय रेग्मीको छायाङ्कन र दीपक बिस्टको सम्पादन छ। जापान कमथलो रहेकी गायिका जिसीले अलिक रमाइलो र फरक खालको गीत बनेकोले दर्शक श्रोताले मन पराउनेमा आफू आशावादी रहेको बताइन्।



आइसिसी टी-२० विश्वकप छनोट

# आज उपाधिका लागि नेपाल र ओमान भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी टी ट्वान्टी विश्वकप क्रिकेटको एसिया छनोटको उपाधिको छिनोफानो आज (आईतबार) हुदैछ। नेपालले घरेलु मैदानमा छनोट प्रतियोगिताको उपाधिका लागि ओमानसँग खेल्दैछ।

नेपालले यूएई र ओमानले बहराईनलाई हराउँदै उपाधि भिडन्त पक्का गरेका हुन्। समूह एमा रहदै प्रतियोगिताको सुरुआत गरेका दुवै टिम लिग चरणमा समेत भेटेका थिए। सो खेलमा ओमानले नेपाललाई हराएको थियो।

ओमानसँग ५ रनले पराजित बनेको नेपाल समूह उपविजेता बनेको थियो। समूह उपविजेता बनेर सेमिफाइनल पुगेको नेपालले फाइनल प्रवेशकालागि भएको खेलमा यूएईलाई हराएको थियो।

सेमिफाइनलमा यूएईलाई ८ विकेटले हराएर फाइनल प्रवेश गरेको नेपालले उपाधिका लागि पुन ओमानसँग खेल्न लागेको हो। ओमानले समेत सेमिफाइनलमा बहराईनलाई १० विकेटले हराउँदै फाइनल यात्रा तय गरेको हो।

प्रतियोगिताको फाइनल प्रवेश गरेका नेपाल र ओमान दुवै टिम अर्को वर्ष वेस्ट इन्डिजमा हुने टी ट्वान्टी विश्वकपमा छनोट भैसकेका छन्। उपाधिका लागि दुवै टिम काठमाडौंको कीर्तिपुरस्थित त्रिवि मैदानमा बिहान ११ बजे उत्रनेछन्।

## फाइनलको टिकट बिक्रीको रकम भूकम्प पीडितलाई

**काठमाडौं (प्रस)–** नेपाल क्रिकेट संघ क्यानले आइसिसी टी ट्वान्टी विश्वकपको एसिया छनोटको फाइनल खेलको टिकट बिक्रीबाट प्राप्त हुने रकमको ५० प्रतिशत रकम भुकम्प पिडितलाई सहयोगार्थ दिने बताएको छ। शुक्रबार राति जाजरकोटलाई केन्द्रबिन्दु बनाएर गएको भुकम्पले ठुलो मानवीय तथा संरचनागत क्षति पुर्याएको थियो। क्यानले शनिबार बिहान बिज्ञप्ति जारी गर्दै छनोट प्रतियोगिताको फाइनल खेलको टिकट बिक्रीबाट प्राप्त हुने रकमको ५० प्रतिशत रकम पिडितलई सहयोगार्थ प्रदान गर्ने घोषणा गरेको हो।

# पोखरामा अन्तर्राष्ट्रियस्तरको माउण्टेन बाइक रेस हुँदै

■ प्रभाव संवाददाता



**पोखरा–** पोखरामा एन्ड्युरो अन्तर ाष्ट्रिय माउन्टेन बाइक प्रतियोगिता हुने भएको छ। माउन्टेन बाइक कम्पनी डन टिल डस्कको आयोजनामा यहि मंसिर ७ देखि पोखरा महानगरपालिका वडा नम्बर १३ को आर्बा-बिजय डाँडामा प्रतियोगिता हुन लागेको हो।

तीन दिनसम्म हुने प्रतियोगितामा विभिन्न ११ देशका खेलाडीले सहभागिता जनाउने आयोजकले जनाएको छ। प्रतियोगिताका रेस डाइरेक्टर सुनिलचन्द्र शर्माले नेपालसहित ११ देशका ८८ जना प्रतिस्पर्धीले सहभागि जनाउने जानकारी दिए। उनका अनुसार प्रतियोगितामा इलिट पुरुषतर्फ जुनियर १२-१८ वर्ष, मास्टर्स 'क' ३०-३९ वर्ष, मास्टर्स 'ख' ४०-४९ वर्ष, भेट्रान ५० वर्ष माथि, महिला ओपन तथा इ-बाइक गरि ७ विधामा प्रतिस्पर्धा हुनेछन्।

खेलकुद र पर्यटनलाई टेवा पुराउनका लागि प्रतियोगिता आयोजना गरिएको डन टिल डस्कका प्रवन्ध निर्देशक छिमी उक्रेन गुरुङले जनाए। सन् २०२० देखि तयारी गर्दै उक्त क्षेत्रमा संरचना बनाउन ५० लाख रूपैंया लगानी भैसकेको र थप २० लाख लगानी लाग्ने गुरुङको भनाई छ। साथै उक्त क्षेत्रमा प्रतियोगितालाई निरन्तरता दिने उनले बताए।

प्रतियोगिताको जानकारी दिने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा पोखरा महानगरपालिका वडा नम्बर १३ का वडाध्यक्ष किरण बरालले पर्यटन प्रबर्द्धनका लागि आर्बालाई चुनिएकोमा आभार व्यक्त गरे। प्रतियोगितालाई निरन्तरता दिन आग्रह गर्दै वडाध्यक्ष बरालले महानगरबाट पनि सहयोगको लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरे।

त्यस्तै कार्यक्रममा कास्की जिल्ला साइक्लिङ संघका अध्यक्ष शंकर भण्डारीले स्वास्थ्यका लागि खेलकुद आवश्यक भएकाले विभिन्न खेलकुद प्रतियोगिता भइरहनुपर्ने र यसलाई निरन्तरतालाई जोड दिनुपर्ने बताए। प्रतियोगितामा कास्की साइक्लिङ संघले साथ र सहयोग गर्ने उनले प्रतिवद्धता जनाए। तीन दिन हुने प्रतियोगितामा मंसिर ७ र ८ गते अभ्यास खेल हुनेछ भने ९ गते प्रतियोगिता हुनेछ। प्रतियोगिता समुन्द्री सतहबाट १४ सय मिटर उचाँईमा रहेको आर्वा-बिजय डाँडामा हुनेछ।

एन्ड्युरो प्रतियोगिताले आगामी दिनहरूमा विश्वभर ठुलो संख्यामा माउन्टेन बाइकिङ प्रेमीहरू आकर्षिक भई पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा आयोजकको रहेको छ।

# ट्यापआउट स्पोर्टिङ इलामको फिटनेस पार्टनर

■ प्रभाव संवाददाता

**काठमाडौं –** ट्यापआउट फिटनेस फ्रेन्चाईज फुटबल क्लब स्पोर्टिङ इलाम एफसीको फिटनेस पार्टनर बनेको छ। ट्यापआउट फिटनेस र स्पोर्टिङ इलाम एफसी डि मेचीले शुक्रबार प्रायोजन सम्बन्धि सम्झौतामा हस्ताक्षर गरेका छन्।

स्पोर्टिङ इलाम एफसीका प्रमुख कार्यकारी अधिकृत पियुष बहादुर न्यौपाने र ट्यापआउट फिटनेसका निर्देशक यलम्बर राई तथा ट्यापआउट फिटनेसका संस्थापक महेन्द्र घलेले एक कार्यक्रमकाबीच सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार ट्यापआउट स्पोर्टिङ इलामको फिटनेस पार्टनरको रूपमा रहनेछ। र ट्यापआउटले आफ्नो सेवा क्लब र क्लबमा आबद्ध खेलाडी अफिसियललाई उपलब्ध गराउनेछ। ढुकु फुटसल अन्तर्गत सन् २०१३ देखि सञ्चालन भैरहेको ट्यापआउट फिटनेसले खेलाडीको प्रर्दशन बृद्धि, चोट रोकथाम र खेलाडीको क्षमता अभिवृद्धि गर्ने उद्धेश्यमा काम गर्दै आएको छ।

यसले लामो समयदेखि बास्केटबल, मार्सल आर्ट्स र अन्य खेलका खेलाडीलाई आफ्नो सुविधा उपलब्ध गराउँदै आएको ट्यापआउटले जनाएको छ।



क्यानाडाको टोरन्टोमा आयोजित '२०२३ रोयल एग्रिकल्चरल विन्टर फेयर' मेलामा खानाको स्वाद लिइरहेका मानिसहरू । *तस्बिरः सिन्हवा*

# भूकम्पले पुऱ्याएको क्षतिप्रति प्रधानमन्त्री मोदी दुःखी



**नयाँदिल्ली–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा गएको भूकम्पबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन् । उनले यस विपत्को घडीमा नेपाललाई सम्भावित सबै सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्स (ट्वीटर) मा लेखेका छन्, 'नेपालमा गएको भूकम्पका कारण भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दछु । भारत नेपाली जनताप्रति ऐक्यबद्धताका साथ उभिएको छ र हरसम्भव सहयोग गर्न तयार छ ।'

उनले भनेका छन्, 'शोक सन्तप्त परिवारजनप्रति हाम्रो समवेदना छ र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।'

नेपालमा गएको ६.४ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा परी डेढ सयभन्दा बढीको मृत्यु हुनुका साथै करिब २०० जना घाइते भएपछि मोदीको यो भनाइ आएको हो ।

प्राप्त विवरणअनुसार जाजरकोट र पश्चिम रूकुममा सबैभन्दा बढी क्षति भएको छ । रासस/एएफपी

# रूसको कूल गार्हस्थ उत्पादन बढ्ने दाबी

**मस्को–** रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२३ मा देशको कूल गार्हस्थ उत्पादन (जिडिपी) तीन प्रतिशतले बढ्ने दाबी गरेका छन् ।

'यस वर्ष हाम्रो कूल गार्हस्थ उत्पादनको वृद्धिदर २.८ देखि २.९ प्रतिशत वा तीन प्रतिशतसम्म पुग्नेछ,' रूसी महासंघको आठौं सिभिक चेम्बरका सदस्यहरू र क्षेत्रीय नागरिक चेम्बरका प्रमुखहरूसँगको भेटमा उनले भने ।

पुटिनले युरोपका अग्रणी अर्थतन्त्रहरू धराशायी हुने उल्लेख गर्दै यी अर्थतन्त्रहरू अहिले समस्यामा रहेको र चुनौतीहरूको सामना गरिरहेको दाबी गरे । उनले पुटिनले रूस 'आर्थिक, सैन्य, आन्तरिक र राजनीतिक रूपमा' बलियो हुँदै जाँदा देश विश्व संगठनबाट बाहिरिने सम्भावना कम रहेको बताए । रासस/एएफपी

# अमेरिकी चीन नीति प्रमुखद्वारा बेइजिङका उच्च सीमा अधिकारीसँग भेटवार्ता

**वासिङ्टन–** चीन नीतिबारे अमेरिकाका उच्च अधिकारीले बेइजिङमा चिनियाँ सीमा प्रमुखसँग 'रचनात्मक र स्पष्ट' वार्ता गरेको अमेरिकी विदेश मन्त्रालयले शुक्रबार जनाएको छ ।

अमेरिकी विदेश विभागका चीन संयोजक तथा चीन र ताइवानका लागि उपसहायकमन्त्री मार्क बी ल्याम्बर्टले शुक्रबार सीमा तथा महासागर मामिलाका लागि चिनियाँ महानिर्देशक होङ लियाङसँग भेटवार्ता गरेका हुन् ।

'दुवै पक्षले दक्षिण चीन सागर र पूर्वी चीन सागरको अवस्थालगायत विभिन्न सामुद्रिक विषयमा ठोस, रचनात्मक र स्पष्ट छलफल गरेका छन्,' अमेरिकी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

दक्षिण चीन सागरमा बेइजिङको खतरनाक र गैरकानुनी गतिविधिप्रति अमेरिकाले चिन्ता व्यक्त गरेको छ, जसमा गत महिना चीनले दोस्रो थोमस शोलमा फिलिपिन्सको पुनः आपूर्ति मिसनमा 'अवरोध' गरेको र 'अक्टोबर २४ मा अमेरिकी जहाजलाई असुरक्षित रूपमा रोकेको' उल्लेख छ ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभान र चीनका विदेशमन्त्री वाङ यीबीच वासिङ्टनमा भएको वार्तापछि यो बैठक भएको हो । *रासस/एएफपी*

# बंगलादेशमा आन्दोलनरत श्रमिक र प्रहरीबीच झडप

**ढाका–** बंगलादेशको राजधानी ढाकामा मजदुरको ज्याला तीन गुणा बढाउन माग गर्दै सुरु भएको विरोध प्रदर्शनको अवज्ञा गर्दै कारखानाहरू पुनः सञ्चालनमा आएपछि शनिबार राजधानी ढाका नजिकै हडतालरत गार्मेन्ट मजदुर र प्रहरीबीच झडप भएको छ ।

बंगलादेशका करिब तीन हजार ५०० गार्मेन्ट कारखानाहरूले दक्षिण एसियाली देशको वार्षिक ५५ अर्ब अमेरिकी डलरको निर्यातको लगभग ८५ प्रतिशत हिस्सा ओगटेका छन् । बंगलादेशले लेभिज, जारा र एच एण्ड एमलगायत फेसन ब्राण्डमा विश्वभर तयारी पोसाक आपूर्ति गर्दछ । तर, यस क्षेत्रका ४० लाख कामदारमध्ये अधिकांशको अवस्था दयनीय छ । न्यून आय भएका कामदारमध्ये अधिकांश महिलाहरू छन् जसको मासिक ज्याला आठ हजार ३०० टाका (७५ अमेरिकी डलर) बाट सुरु हुन्छ ।

हडतालका कारण सबैभन्दा बढी प्रभावित क्षेत्रमा एक सातादेखि बन्द रहेका करिब ६०० व्यवसाय पुनः सञ्चालनमा आएको प्रहरीले जनाएको छ । राजधानी ढाकाको पश्चिममा रहेको औद्योगिक सहर आशुलियामा करिब १० हजार कामदारले आफ्ना सहकर्मीलाई सिफ्टमा फर्कनबाट रोक्ने प्रयास गरेपछि झडप भएको प्रहरीले जनाएको छ ।

आशुलियाका प्रहरी प्रमुख मोहम्मद सरोवर आलमले एएफपीसँग भने, 'उनीहरूले अधिकारी र कारखानाहरूमाथि ढुंगा र इँटा प्रहार गरे र सडक अवरुद्ध गर्ने प्रयास गरे । हामीले अश्रुग्यास प्रहार गरेर उनीहरूलाई तित्तरबित्तर पारेका छौं,' उनले भने, 'त्यहाँ र नजिकैको सावरमा एक हजार ५०० सुरक्षाकर्मी तैनाथ गरिएको छ ।'

स्थानीय प्रहरी प्रमुख सरवर आलमले ढाकाको उत्तरी क्षेत्रमा रहेको औद्योगिक क्षेत्र गाजीपुरमा एक सातासम्म चलेको हिंसात्मक प्रदर्शनपछि कामदारहरू आफ्नो सिफ्टमा फर्किएको बताए । उनले अहिले अवस्था शान्तिपूर्ण बनेको छ । बंगलादेश गार्मेन्ट एण्ड इण्डस्ट्रियल वर्कर्स फेडेरेसनका अध्यक्ष कल्पोना अक्टेरले साताव्यापी विरोध प्रदर्शनका कारण ग्याप, वालमार्ट, एच एण्ड एम, जारा, इन्डिटेक्स, बेस्टसेलर, लेभिज, मार्क्स एण्ड स्पेन्सर, प्रिमार्क र एल्डीजस्ता विश्वका केही शीर्ष फेसन ब्राण्डको उत्पादन प्रभावित भएको बताएका छन् ।

प्रिमार्कका प्रवक्ताले डब्लिनस्थित फास्ट-फेसन रिटेलरले 'आपूर्ति शृंखलामा कुनै व्यवधानको अनुभव नगरेको' बताएका छन् । 'हामी हाम्रा आपूर्तिकर्ताहरूसँग सम्पर्कमा छौं, जसमध्ये केहीले अस्थायी रूपमा आफ्नो कारखाना बन्द गरेका छन्,' प्रवक्ताले भने । *रासस/एएफपी*

# 'गाजामा एम्बुलेन्समाथि भएको आक्रमणका कारण स्तब्ध'

**तेल अभिभ–** विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले गाजाको सबैभन्दा ठूलो अस्पताल नजिकै एउटा एम्बुलेन्समा इजरायलले गरेको घातक आक्रमणका कारण आफू स्तब्ध भएको बताएका छन् ।

गाजा सहरको अल-शिफा अस्पतालबाहिर क्षतिग्रस्त एम्बुलेन्सको छेउमा आफूले थुप्रै शव देखेको एएफपीका एक पत्रकारले बताए । प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले उक्त घटनामा १३ जनाको मृत्यु भएको जनाएको छ ।

हमासको प्रभावमा रहेको प्यालेस्टिनी सरकारले पनि इजरायली सेनाले गाजा सहरबाट इजिप्टसँग जोडिएको राफा सीमानाकातर्फ घाइतेहरूलाई ओसारपसार गरिरहेको एम्बुलेन्समाथि पनि आक्रमण गरेको बताएको छ ।

इजरायली सेनाले युद्ध क्षेत्रमा हमासको लडाकु समूहले प्रयोग गरेको भनी सेनाले पहिचान गरेको एम्बुलेन्समा हवाई आक्रमण गरेको जनाएको छ ।

इजिप्टको स्वास्थ्य मन्त्रालयले अल-शिफामा भएको 'घटना' मा घाइते बनेका २८ प्यालेस्टिनीलाई शुक्रबार इजिप्टका अस्पतालमा उपचारका लागि लगिएको जनाएको छ ।

गत अक्टोबर ७ मा हमासले इजरायली क्षेत्रमा गरेको रक्तपातपूर्ण आक्रमणमा परी एक हजार ४०० भन्दा बढी व्यक्तिको मृत्यु भएको इजरायली अधिकारीहरूले बताएका छन् भने हमास शासित गाजा क्षेत्रको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली कारबाहीमा नौ हजार २२७ जनाभन्दा बढीको मृत्यु भएको छ ।

सर्वसाधारणको हताहत रोक्न इजरायली पक्षसँग अमेरिकाको आग्रह

अमेरिकाका शीर्ष कूटनीतिज्ञ एन्टोनी ब्लिन्केनले गाजामा रहेका प्यालेस्टिनी नागरिकको सुरक्षाका लागि



थप कदम चाल्न आफ्नो सहयोगी देश इजरायलका नेताहरूलाई आग्रह गरेका छन् ।

शनिबार उनले द्वन्द्वका कारण नागरिकको मृत्यु हुनेको संख्याबारे चिन्ता र आक्रोश व्यक्त गरेका पाँच अरब मुलुकका विदेशमन्त्रीसँग छिमेकी जोर्डनमा वार्ता गर्ने कार्यक्रम रहेको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूसँगको भेटपछि अमेरिकी विदेशमन्त्री ब्लिन्केनले बन्धकहरूको रिहाइ सुनिश्चित गर्न र गाजाको संकटग्रस्त जनसंख्यालाई सहायता वितरण गर्न अनुमति दिन 'मानवीय विराम'को विचारबारे छलफल भएको बताएका छन् ।

उनले पत्रकारसँग भने, 'मानवीय विरामहरूले जमिनमा आवागमनलाई सुविधाजनक बनाउने छ र प्यालेस्टिनी सर्वसाधारणको सुरक्षा बढाउने छ र मानवीय सहायताको अधिक प्रभावकारी र दिगो वितरणलाई अनुमति दिने छ भन्ने हामी विश्वास गर्दछौं ।'

उनले प्यालेस्टिनी राज्यको अन्तिम मान्यताका लागि वासिङ्टनको लामो समयदेखिको समर्थनलाई दोहोऱ्याए । उनले भने, 'यहूदी र इजरायलका दुई थरी जनताका लागि स्थायी सुरक्षा सुनिश्चित गर्ने यो एकमात्र तरिका हो ।'

नेतन्याहूले गाजामा अक्टोबर ७ मा भएको आक्रमणका क्रममा हमासले कब्जामा लिएका अनुमानित २४१ जना इजरायली र विदेशी बन्धकलाई रिहा नगरेसम्म गाजामा 'अस्थायी युद्धविराम' हुन नसक्ने बताएका छन् ।

स्थायी युद्धविरामले हमासलाई पुनः संगठित हुन र पुनः हतियार तथा युद्ध बन्दोबस्तीका सामान आपूर्ति गर्न अनुमति दिने भन्दै इजरायल र संयुक्त राज्य अमेरिका दुवैले यसअघि पूर्ण युद्धविरामलाई अस्वीकार गरेका थिए । अमेरिकी राष्ट्रपति जो बाइडनले 'स्थानीय आवश्यकता अनुसार माग गरिएको अस्थायी' युद्ध विरामको समर्थन गरेका छन् ।

यसैबीच, इजरायलले जारी लडाइँ र हवाई आक्रमणका बाबजुद हजारौं प्यालेस्टिनी कामदारलाई गाजामा फिर्ता पठाउन सुरु गरेको छ । इजरायली सेनाले गाजावासीलाई गाजा सहरबाट दक्षिणतर्फ जान आग्रह गरेको छ, तर हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले महिला र बालबालिकासहित भागेका १४ जना प्यालेस्टिनीको मृत्यु भएको जनाएको छ ।

प्रत्यक्षदर्शीका अनुसार इजरायली सेनाले यसअघि सर्वसाधारणलाई दक्षिणतर्फ यात्रा गर्न आग्रह गर्दै आएको गाजाको तटीय सडकमा हवाई आक्रमण भएको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ११५००० | प्रति तोला – ११४४५० | प्रति तोला – १३८५



**हिमाल हेर्दै पर्यटक** म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ मा पर्ने घोडेपानीबाट धौलागिरि हिमाल अवलोकन गर्दै पर्यटक। घोडेपानीबाट धौलागिरि र अन्नपूर्ण रेञ्चका हिमशृंखलाको मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ। *तस्बिरः सन्तोष गौतम/रासस*

# अर्थतन्त्र सकारात्मक बाटोमा छ : अर्थमन्त्री महत



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको अर्थतन्त्र सकारात्मक बाटोमा अघि बढिरहेको बताएका छन्। नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को १५औं वार्षिकोत्सव समारोहमा उनले सकारात्मकतर्फ उन्मुख अर्थतन्त्रलाई थप चलायमान बनाउन सबै सरोकारवाला संयमित भएर लाग्नुपर्ने खाँचो औंल्याए।

'देशको अर्थतन्त्र विस्तारै सकारात्मकतर्फ उन्मुख छ, अब आमजनमानसमा आत्मविश्वास र सकारात्मका सोचको खाँचो छ', अर्थमन्त्री डा. महतले भने, 'सबैले नकारात्मक कुरा गरेर लगानीकर्ता निरुत्साहित र उपभोक्तामा द्विविधा सिर्जना हुन दिनु हुँदैन, त्यसैले अर्थतन्त्रलाई चलायमान बनाउन अहिलेको अवस्थामा आत्मविश्वास बढाउनुपर्ने अपरिहार्यता छ।'

उनले विभिन्न चुनौतीबीच लयमा रहेको अर्थतन्त्रलाई चलायमान बनाएर दिगो हिसाबले आर्थिक वृद्धि गर्दै त्यसलाई आमनागरिकको पहुँचमा पुऱ्याइनुपर्ने खाँचो औंल्याए। उनले भने, 'विश्वव्यापीरूपमा सिर्जित विभिन्न सङ्कट र मन्दीले समग्र अर्थतन्त्रमा नकारात्मक असर परेकाले अर्थतन्त्रमा देखिएको चुनौतीको समाधान गर्न समय लाग्छ। नेपालका सन्दर्भमा बाह्य सूचाङ्क राम्रो छ, राजस्व पनि अघिल्लो वर्षको तुलनामा बढेको, घरजग्गा कारोबार पनि बढेको र विप्रेषण पनि बढिरहेको तथा विदेशी पर्यटक आगमन पनि ऐतिहासिकरूपले बढेकाले यसबाट आर्थिक गतिविधि चलायमान गर्न मद्दत गर्ने विश्वास छ।'

अर्थमन्त्री डा. महतले विश्व बैंक, एसियाली बैंकलगायत दातृ निकायलाई नेपालको आर्थिक विकासमा सहभागी हुन पहलकदमी गरिएको र आगामी दिनमा थप लगानी भित्रनेमा विश्वास व्यक्त गरे। उनले सहज ढङ्गबाट लगानी प्रवर्द्धन गरी अर्थतन्त्रलाई चलायमान बनाउने सरकारको नीति रहेको स्पष्ट पारे। नेपालमा छिट्टै लगानी सम्मेलन गरेर विदेशी लगानी भित्र्याउने र स्वदेशी लगानीलाई पनि प्रोत्साहन गर्ने सरकारको योजना रहेको जानकारी दिए।

यसैबीच नाफिजको वार्षिकोत्सवका अवसरमा आर्थिक पत्रकारितामा योगदान गर्ने तीन पत्रकारलाई नगदसहित पुरस्कृत गरिएको छ। नगद रु एक लाखसहित शारदा-ढुन्डिराज नाफिज आर्थिक पत्रकारिता पुरस्कार रातोपाटी डटकमका प्रयास श्रेष्ठलाई प्रदान गरियो। त्यस्तै जनही रु ५० हजार राशिको बैंकिङ पत्रकारिता पुरस्कारबाट पत्रकारद्वय क्रमशः आर्थिक मिडिया सञ्चालक संघ (इमान) का अध्यक्ष रोयल आचार्य र विकास न्यूज डटकमका पत्रकार सन्तोष रोकायालाई प्रदान गरिएको छ।

### अर्थतन्त्रका सबै सूचक सकारात्मक : गभर्नर

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्रका सबै सूचक सकारात्मक रहेको बताए। उनले विदेशी मुद्रा सञ्चिति राम्रो रहेको तथा अर्थतन्त्रका अन्य क्षेत्रहरूमा सकारात्मक रहेकाले अहिले आत्तिहाल्नुपर्ने अवस्था नरहेको बताए।

गभर्नर अधिकारीले सरकार र निजी क्षेत्रको साझेदारीतामा ठूला परियोजना अघि बढाउन जरुरी भएको उल्लेख गरे। उनले भने, 'फलाम खानी उत्खनन्, ठूला सडक निर्माणलगायत उद्योग परियोजना अघि बढाउन जरुरी छ, जसले रोजगारी सिर्जना हुने, पैसा परिचालन हुने र समग्र अर्थतन्त्रलाई नै चलायमान बनाउन मद्दत पुग्छ।' उनले राजस्व पनि सुधारको दिशामा रहेको, आन्तरिक ऋण उठिरहेको, बैंक तथा वित्तीय संस्थामा निक्षेत्र पर्याप्तमात्रामा रहेको तथा पर्यटक पनि उल्लेख्य संख्यामा वृद्धि भएकाले आर्थिक वृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गरे।

### अर्थतन्त्रलाई चलायमान बनाइनुपर्छ : निजी क्षेत्र

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सकारात्मक दिशामा रहेको मुलुकको अर्थतन्त्रलाई थप चलायमान बनाउन सरकार र निजी क्षेत्रले समन्वय र सहकार्य फराकिलो बनाउन जरुरी भएको उल्लेख गरे। उनले भने, 'अर्थतन्त्र सहज अवस्थामा छ, यसको प्रभावकारी सुधारका लागि नयाँ सोचका साथ अघि बढ्न जरुरी छ। विदेशी मुद्रा सञ्चिति राम्रो रहेको, विदेशी पर्यटक बढेको अवस्थाले अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत पुग्नेछ।'

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले मुलुकको अर्थतन्त्रललाई सुधारको दिशामा अघि बढाउन नीतिगत र संरचनागत सुधार अपरिहार्य भएको उल्लेख गरे। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले अर्थतन्त्रलाई पूर्ण चलायमान बनाउन सबै सरोकारवालाबीच बहज र पैरबी आवश्यक भएको बताए। नाफिजका अध्यक्ष मोदनाथ ढकालले आर्थिक पत्रकारिता र अर्थतन्त्रको श्रीवृद्धिमा संस्थाले भूमिका खेल्दै आएको उल्लेख गरे।

# 'भूकम्पपीडितको उद्धारमा सबै संयन्त्र परिचालन'

**काठमाडौं (प्रस)–** अर्थमन्त्री डा. प्रकाशशरण महतले भूकम्प प्रभावित क्षेत्रमा तत्काल उद्धार र राहतमा सरकारका सबै संयन्त्र प्रभावकारी रूपमा परिचालन गरिरहेको बताएका छन्।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को १५औँ वार्षिकोत्सव समारोहमा उनले गएरातिदेखि नै भूकम्पपीडितको राहत र उद्धारमा तीनै तहका सरकारअन्तर्गत सबै संयन्त्रहरू परिचालित भइरहेको जानकारी दिए।

भूकम्पबाट पश्चिम नेपालको खासगरी रुकुम र जाजरकोट जिल्लामा ठूलो जनधनको क्षति भएको विवरणहरू प्राप्त भइरहेको जनाउँदै अर्थमन्त्री डा. महतले यस विपत्तिको घडीमा सबै पक्षबाट सहयोगका लागि अपिल गरे। उनले भूकम्पबाट ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा हार्दिक समवेदन प्रकट गरे।

अर्थमन्त्री डा. महतले प्राकृतिक विपत्तिका घटनाको दीर्घकालीन समाधान र तयारीका निम्ति आवश्यक कार्य गर्न जरुरी भएको उल्लेख गरे। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले भूकम्पपीडितको राहतका लागि महासंघले सहयोग गर्ने प्रतिबद्धता जनाए। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले पनि भूकम्प प्रभावित क्षेत्रमा आर्थिक सहयोग गर्ने बताए।

# एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघको ३७औं सम्मेलन सोमबारदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं –** एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघको ३७औं सम्मेलन सोमबारदेखि काठमाडौंमा हुने भएको छ। परिसंघ, एसिया प्रशान्त क्षेत्रभित्रका २६ देशका २८ वटा राष्ट्रियस्तरका उद्योग वाणिज्य महासंघ/संघको छाता संस्था हो। सम्मेलन कात्तिक २० र २१ गतेसम्म चल्ने नेपाल उद्योग वाणिज्य महासंघले जनाएको छ। सम्मेलनको मुख्य विषय 'चेम्वर्स अफ कमर्स हेल्पिङ विजनेश गेट सेट फर द फयुचर' रहेको छ।

महासंघको आतिथ्यतामा आयोजना हुने सम्मेलनको सोमबार बिहान राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटनसहित सम्बोधन गर्नेछन्। विश्व आर्थिक मन्चमा राम्रो पहिचान बनाउन सफल यस संस्थाको यसअघि २६औं सम्मेलन पनि महासंघको आयोजनामा काठमाडौंमा सम्पन्न भएको थियो। उक्त कार्यक्रमलाई पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले मुख्य वक्ताका रूपमा सम्बोधन गर्नेछन् भने अर्थमन्त्री डा प्रकाशरण महत, महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, महासंघका पूर्वअध्यक्ष एवं परिसंघका उपाध्यक्ष प्रदीपकुमार श्रेष्ठ, परिसंघका अध्यक्ष पिटर म्याकमुलिन एम र महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले सम्बोधन गर्नेछन्।

परिसंघले एसिया प्यासिफिक क्षेत्रका देशमा उद्योग, व्यवसाय, लगानी प्रविधिको विस्तारमार्फत यस क्षेत्रका जनताको जीवनस्तर सुधार र आपसी लाभका क्षेत्रमा काम गरिरहेको छ। यस सम्मेलनमा एसिया प्यासिफिक क्षेत्रबाट सदस्य राष्ट्रका ६० भन्दाबढी व्यावसायिक नेताहरू र नेपालका प्रतिष्ठित उद्यमी व्यवसायीहरू, सरकारी प्रतिनिधिसमेत गरी करिब दुई सयभन्दा बढीको सहभागिता रहने महासंघले जनाएको छ।

सम्मेलनबाट नेपालमा एसिया प्रशान्त क्षेत्रबाट लगानी, प्रविधि, पर्यटन आकर्षण हुने अपेक्षा गरिएको छ। सम्मेलनमा एसिया प्रशान्त क्षेत्रका देशबीच आपसी सहकार्यका माध्यमबाट दीगो विकास, उद्यमशीलता, व्यापार प्रवर्द्धनमा मुख्य जोड दिइने छ।

सम्मेलनमा स्वच्छ र नवीकरणीय ऊर्जा, क्षेत्रीय आर्थिक वृद्धि, खाद्य र कृषि, युवा उद्यमशीलता तथा सूचना प्रविधि, पर्यटन, लघु, घरेलु तथा साना उद्यम, जल, ऊर्जा र वातावरण, क्षेत्रीय व्यापार व्यवसाय सञ्जाल विस्तार, एसिया-प्रशान्त क्षेत्रमा विकासका अवसर र चुनौतीलगायतका महत्वपूर्ण विषयमा दुई दिनसम्म एसिया प्रशान्त क्षेत्रका निजी क्षेत्र, विकास साझेदार, दातृ निकाय तथा सरकारी प्रतिनिधि र नीति निर्माताले विचार विर्मश गर्नेछन्। नेपाल र एसिया प्रशान्त क्षेत्रका राष्ट्रबीच बलियो सम्बन्ध विस्तारमा यो सम्मेलन कोशेढुङ्गा हुने विश्वास महासंघको छ। निजी क्षेत्रको प्रतिनिधिमुलुक संस्था महासंघ यस संस्थाको संस्थापक सदस्य रहिआएको छ।

सम्मेलन काठमाडौं घोषणापत्र जारी गर्दै कात्तिक २१ गते समापन गरिनेछ। सन् १९६६ मा स्थापना भएको परिसंघ एसिया-प्रशान्त क्षेत्रभित्रका व्यावसायिक संस्थालाई एकताबद्ध गर्दै यसका सदस्य राष्ट्रबीच आर्थिक सहयोग, व्यापार र लगानी प्रवर्द्धनमा एक सक्रिय साझा मञ्चको रूपमा कार्य गर्दै आएको छ।

यसको बलियो सञ्जाल र सशक्त पहलमार्फत उद्यमशीलता, दिगो विकास र सीमापार व्यापार सहजीकरणलाई समर्थन गर्ने नीतिहरूको पैरवीमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

### भूकम्प प्रभावितलाई सहयोग गर्न अपिल

नेपाल उद्योग वाणिज्य महासंघले भूकम्प प्रभावितका लागि राहत सामग्री उपलब्ध गराउन सम्पूर्ण उद्योगी तथा व्यवसायीलाई आग्रह गरेको छ। महासंघले प्रभावित जनतालाई आर्थिकलगायत लत्ताकपडा, खाद्यान्न, औषधि, पानीलगायत अत्यावश्यक सामग्री सहयोग गर्न सबै सदस्य संघसंस्था, उद्योग प्रतिष्ठान, उद्यमी व्यवसायीमा अपिल गरेको हो। गएराति जाजरकोट र रूकुम पश्चिममा गएको भूकम्पका कारण त्यस क्षेत्रमा भएको ठूलो जनधनको क्षतिप्रति महासंघले दुःख व्यक्त गरेको छ। महासंघले सबै सदस्य उद्योग वाणिज्य संघहरू, उद्यमी व्यवसायी र व्यावसायिक संघसंस्थालाई उद्धार र राहतमा सहयोग गर्न आह्वान गरेको छ। सहयोग गर्न चाहनेहरूका लागि महासंघको स्वास्थ्य तथा विपत् व्यवस्थापन समितिका सभापतिको नेतृत्वमा एक समितिसमेत गठन गरिएको छ।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्यामा र नियमितरूपमा सवारीसाधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादकपदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनाबाट आफूपनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ